श्रीखण्डपुरका देवीदेवताहरु

(चिनारी)





पूर्णबहादुर कर्माचार्य

बृहत बहुउद्देश्यीय सहकारी संस्था लि.को चिनारी

जिल्ला भरका साना तथा ठूला कृषक, उद्यमी तथा व्यवसायीहरुलाई समेटी उनिहरुको आर्थिक
कृषिका आधुनिकिकरण गरी उन्नत जातका वीउ विजन, बैज्ञानिक कृषि प्रणाली, आधुनिक औजार
प्रयोग, उत्पादित बस्तुको सही मूल्य र बजार व्यवस्थापन गर्ने उद्देश्यका साथ यस बृहत बहुउद्देश्यीय सहकारी
स्थापना भयो ।

कुशल, अनुभवी, इमान्दार एवं क्रियाशिल संचालकहरुबाट सञ्चालित यस संस्थाले स्थापना
रासायनिक मल, पशुदाना, ढुटो, पिठो, कृषि सामाग्री, औजार उपकरण, उन्नत जातको वीउ विजन
रासायनिक औषधि तथा भिटामिन आदीको सहुलियत दरमा सदस्य तथा गैर सदस्यहरुलाई सेवा प्रदान
छ साथै हाल खाना पकाउंने ग्यास (LP Gas), विदेशबाट पठाएको पैसा प्राप्त गर्न रेमिटान्स सुविधा,
प्रविधिको एनालाईजर मेशिन प्रयोग गरी दुध संकलन तथा विक्री वितरण गरिरहेको छ ।

यस पुस्तक प्रंकाशनको सहयोगी संस्थांका पदाधिकारीह

चेतलाल रंजित
अध्यक्ष

गौरी शङ्कर रंजित
उपाध्यक्ष

दिलभक्त श्रेष्ठ
सचिव

विकास मानन्धर
कोषाध्यक्ष

अमृत श्रेष्ठ
सदस्य

हरिकृष्ण मानन्ध
सदस्य

सञ्जयप्रकाश प्रधान
सदस्य

मिन बहादुर कार्की
लेखासमिती संयोजक

शिवसागर रंजित
लेखासमिती सदस्य

रमन मानन्धर
लेखासमिती सदस

श्रीखण्डपुरका देवी देवताहरु

(चिनारी पुस्तक)

श्रीखण्डपुरका देवी देवताहरु

लेखक : श्री पूर्ण बहादुर कर्माचार्च

प्रकाशक : बृहत बहुउद्देश्यीय सहकारी संस्था लि.
धु.न.पा. ९, श्रीखण्डपुर

भाषिक सम्पादन : डिल्लीराम निरौला, (श्रीखण्डपुर उ.मा

प्रकाशन काल : २०७३

संस्करण : प्रथम

मूल्य रु : १५०

प्रकाशन प्रति : ५००

कम्प्युटर टाइपिङ : श्री दिलभक्त श्रेष्ठ

कम्प्युटर डिजाइन : सहकार्य प्रिन्टिङ्ग प्रेस

मुद्रण : सहकार्य प्रिन्टिङ्ग प्रेस

दूई शब्द

नेपालमा जङ्गबहादुरको शासन कालमा बेलायतबाट डानिल राइट भन्ने एक जना अंग्रेज त्यहाँको प्रतिनिधी अर्थात राजदुत जस्तै भई यहाँ १० बर्ष बस्नुहुँदा नेपालको इतिहास सस्कृति चाडपर्व आदि विषयमा अध्ययन अनुसन्धान गर्नुभई **Nepal History of the Country and the People** नामक नेपालको एउटा वंशावली लेख्नु भएको छ। उक्त वंशावलीमा उल्लेख गरीराखे अनुसार बनेपाकी देवी चण्डेश्वरीको निर्देशनले बनेपा सात गाउँ अर्थात चण्डेश्वरी पीठ नजिकै बनेपा, नासीका भगवती नजीकै साँगा, नाला भगवति नजिकै नाला, नारायणस्थान नजिकै धुलिखेल, उत्तर प्रयाग कहलिएको पवित्रस्थल त्रीवेणीघाट नजिकै पनौती, चकोर ऋृषिको आश्रम नजिकै चौकोट र धनेश्वर पीठ नजिकै खड्पु (श्रीखण्डपुर) कलिगत वर्ष ४१९७ (अहिले कलिगत बर्ष ५११७) मा निर्माण गरिए । त्यसरी श्रीखण्डपुर निर्माण गर्दा यहाँका श्रीखण्डका बोटहरु काटी त्यहाँ एउटा चैत्य बनाइएको रहेछ। श्रीखण्डका बोटहरु काटी शहर निर्माण गरेको कारणले यस शहरको नाम श्रीखण्डपुर हुन आएको हो । नेवार समुदायले श्रीखण्डपुरलाई खन्पु, खम्पु भन्ने गर्दछन्। यसलाई खड्पु भन्नेहरुपनी नभएका होइनन्। लिच्छवी कालमा अझ किराँती कालमा नै यहाँ बस्ती भैसकेको भनी भन्नेहरु पनी नभएका होइनन्। तर त्यस बखत बस्ती बसालिसकेको कुनै अभिलेख भने अहिलेसम्म भेटिएको छैन। तर जस्तो किसीमको श्रीखण्डपुरको बिषय धारणा भएपनि यो शहर निर्माण गर्ने राजा आनन्ददेव हुन् भने वंशावलीले देखाउँछ। श्रीखण्डपुर निर्माण गर्ने राजा आनज्ददेव लिच्छविकाल भन्दा पछिका र मल्लकाल भन्दा पहिलेका राजा थिए।

श्रीखण्डपुर काभ्रे जिल्लाको एउटा पुरानो शहर हो । पूर्व मध्यकालमा यो शहर पनि एउटा देश कहलिएको थियो। पहिले यो शहरमा नेवारहरु मात्र बसोबास गर्दै आइरहेका थिए। पछि जनसंख्या वृद्धिको कारणले गर्दा अहिले यहाँ विभिन्न जातिका मानिसहरुको बसाइ सराइको कारणले अहिले यहाँ विभिन्न जातका मानिसहरु मिलेर बस्दै आइरहेका छन्। नेवारे जातिहरुको बस्तीकोकारण हुँदा यहाँ विभिन्न नेवारी सँस्कृति, संस्कार, रीतिरिवाज तथा चाडपर्वहरु छन्। तर धेरै जसो साँस्कृतिक विधिहरु लोप हुँदै आइराखेका छन्।

पहिले पहिले यहाँ पाटीमा बसेर सधैंजसो बेलुकी देवीदेवताहरुको भजन हुने गर्दथे भनी मैले सुनेका थिएँ तर पछि आएर मानिसहरुको व्यस्तताको कारणले गर्दा यहाँ एउटा भजन खलबाट श्वेतभैरव मन्दिर अगाडिको पाटीमा विहान सधैं भजन गर्ने गर्दै आएका छन् र एउटा भजन खलबाट चाहि ठूलो चाडं पर्वमामात्र भजन हुने गर्दछ। अझ यहाँ तिन ओटा ठूला भजनहरु भएकोमा लालमोहर नाउँको भजन हराइसकेको छ। यसरी यहाँ अन्य ठाउँहरुमा जस्तो किसिमका विधिपूर्वक जात्रा, पर्व र अन्य साँस्कृतिक कार्यहरु समय समयमा हुनु पर्ने हुन् तर अरु ठाउँमा जस्तै यहाँ पनि विस्तारै हराउँदै छन्।

श्रीखण्डपुर निवासी श्री पूर्णबहादुर कर्माचार्यले यस्तै किसिमका श्रीखण्ड पुरको चिनारी भन्ने पुस्तक २०६८ सालमा लेख्नु भएको छ। वहाँ इतिहास संस्कृति र समाजका गतिविधीमा अभिरुचि राख्ने व्यक्ति हुनुहुन्छ। त्यसैले यस पुस्तकमा पनि श्रीखण्डपुरका केही जात्रा पर्व र देवीदेवताहरुका ऐतिहासिक एवं धार्मीक पृष्ठभूमि राखेर यो पुस्तक नयाँ किसीमले लेख्नु भएको छ। हाम्रो समाजमा नेवार संस्कृति र सम्रचना विस्तारै लोप हुँदैछन्। यस्तो अवस्थामा श्रीखण्डपुरमा चल्दै आइराखेका रीतिस्थीति, जात्रा, पर्व जस्ता हाम्रो सस्कृतिका विधाहरु उतारेर जुन यस पुस्तकमा वर्णन गर्नु भएको छ, यो प्रशंसनीय छ किनभने पछिल्ला पुस्ताहरुलाई श्रीखण्डपुरका जात्रा, पर्व रीतिस्थितिहरु यस्ता रहेछन् भन्ने ज्ञान यो पुस्तकले दिने छ। अझ बुढापाकाहरुसँग यस पुस्तकमा वर्णन गरिएका देवीदेवताका ऐतिहासिक एवं धार्मिक प्रसङ्गहरुलाई सोधेर वढी गहकिलो ढंगले वर्णन गर्न पाएको भए यस पुस्तकको गहनता अझै बढ्ने थियो। तर यस्ता जान्ने बुझ्ने व्यक्तिहरु अहिले विस्तारै वितेर जानु भएको कारणले श्री पूर्ण बहादुर कर्माचार्यलाई दुर्लभ हुने नै भयो तर पनि यस्तो पुस्तक आफुले मिहेनत गरेर श्रीखण्डपुरका ऐतिहासिक कुराहरु समावेश गरी, श्रीखण्डपुरका देवीदेवताहरुका चिनारी भन्ने यो पुस्तक उहाँले पठनिय एवं संग्रहनिय बनाउनु भएको छ। यसरी मिहेनत गरी यो पुस्तक लेख्नु भएकोमा श्री पूर्ण बहादुर कर्माचार्यलाई बधाइका साथ धन्यवाद व्यक्त गर्दछु। अस्तु।

ज्ञानकाजी मानन्धर
२०७३ भाद्र ५ गते
वनेपा नालादोबाटो

प्रकाशकको भनाइ

साविक श्रीखण्डपुर बजार हाल धुलिखेल न.पा. बडा नं ८ र ९ पूर्व व्यापारिक ढोकाको रुपमा चिनिन्छ। श्रीखण्डपुर बजार पूर्व ३ नम्वर ओखलढुङ्गा सम्म हिँड्ने मूल बाटो, सात गाउँको मूल व्यापारिक केन्द्र सहित पूर्वको मूल ढोका भएको यस बजारलाई यसको चारैतिर पक्की सडक निर्माण भएपछि प्राय टुहुरो जस्तै भएको अवस्थामा यस ठाउँमा रहेको देव देवताहरुको चिनारी गर्ने उद्देश्यले यो पुस्तक प्रकाशित गर्नु आवश्यक थियो।

यो पुस्तक तयार गर्न आवश्यक सामाग्रि तयार गरी प्रकाशन गर्न श्रीखण्डपुर निवासी श्री पूर्ण बहादुर कर्माचार्यले सरसल्लाह गर्नु भई पुस्तक तयार गर्ने वचन दिनु भएकोले यो पुस्तक प्रकाशन गर्न सहज भएको छ । यस पुस्तकमा देवमन्दिरहरुको फोटो समावेश गरी तयार पारिएकोले श्रीखण्डपुरको देव मन्दिरवारे जान्न चाहने महानुभाबहरुलाई यसबाट सहयोग पुग्ने भएकोले यो पुस्तक प्रकाशन गर्न पाउँदा यस संस्थालाई ज्यादै हर्ष लागेको छ। भविष्यमा पनि श्रीखण्डपुर बारे अन्य सहयोग पुग्ने पुस्तक लेखी प्रकाशन गर्न सहयोग गरि दिनुहुने विश्वासका साथ श्री पूर्णबहादुर कर्माचार्यलाई धेरै धन्यबाद दिन चाहन्छौं। साथै यस पुस्तकलाई खोजपूर्ण बनाउन सहयोग गर्नु हुने सबैलाई धन्यवाद दिन चाहन्छौं।

बृहत बहुउद्देश्यीय सहकारी संस्था लि.
धु.न.पा.- ९, श्रीखण्डपुर

मेरो भनाइ

श्रीखण्डपुर काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल नगरपालिका भित्र पर्ने एक ऐतिहासिक प्राचीन शहर हो। यो ऐतिहासिक शहर बनेपाको सात गाउँ मध्येको एक शहर हो। यस शहर बारे सानो परिचय चिनारीको रुपमा "श्रीखण्डपुरको चिनारी" एउटा किताब प्रकाशित भई अनुसन्धानकर्ताहरुलाइ श्रीखण्डपुरबारे केही जानकारी लिन सजिलो भएको छ। यस किताबमा श्रीखण्डपुरका देवी देवता वारे सूची तयार गरि जानकारी गराइएको छ। यसैलाई मूर्त रुप दिन यो पुस्तक तयार गरिएको छ। यस पुस्तकमा श्रीखण्डपुरमा रहेका देव मन्दिरहरुको चिनारीको रुपमा फोटाहरु राखिएका छन्। यस पुस्तकमा राखिएका देवी देवताहरुके फोटाबाट यस शहरमा रहेका देवी देवताहरुबारे अनुसन्धान गर्न सजिलो हुने विश्वास लिएको छु।

२०७२ सालको भित्तेपात्रो प्रकाशनमा यस शहरका विभिन्न देव देवताहरुको फोटो राखी जानकारी गराउँदा धेरैले उत्सुकता देखाएकोले यसलाई पुस्तकरुप दिन सके पछि सम्म पनि सुरक्षित रही फाइदा पुऱ्याउन सकिने भएकोले यो पुस्तक तयार गर्न भित्तेपत्रिका प्रकाशित गरेका बृहत बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष लगायतका साथीहरु सग छलफल हुँदा उहाँहरुबाट पुस्तक प्रकाशनमा सहयोग गर्ने आश्वासन प्राप्त भई यो पुस्तक तयार गरिएको छ। यस पुस्तक प्रकाशन गर्न आवश्यक सहयोग गरि दिने संस्था बृहत बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड धु.न.पा. ९ श्रीखण्डपुर लाई हृदय देखि धन्यबाद दिन चाहन्छु। उहाँहरुको योगदानलाई सबैले कदर गर्न आवश्यक छ। भविष्यमा पनि अन्य पुस्तक प्रकाशनमा सहयोगको अपेक्षा राख्दछु। साथै प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने अन्य महानुभावहरुलाई पनि धन्यबाद दिन चाहन्छु। साथै यसमा श्रीखण्डपुरको परिचय साथै अन्य महत्वपूर्ण विषयहरु समावेश गरिएको छ। यो पुस्तक प्रकाशन गर्न प्रोत्साहन गर्नुहुने सँस्कृतिविद श्री ज्ञानकाजी मानन्धरलाई विशेष धन्यवाद दिन चाहन्छु।

विषयसूची

शीर्षक	पेज नं.
१. श्रीखण्डपुरको परिचय	७
२. श्रीखण्डपुरको नामाकरण	९
३. श्रीखण्डपुरमा वर्षभरि मनाइने जात्रा र पर्वहरु	११
श्रीखण्डपुरमा मनाइने जात्रा र चाडपर्वहरू	
४. विस्केट जात्रा	१३
५. भीमसेन जात्रा	१८
६. नारायण जात्रा	१८
७. बुद्ध भगवान् जात्रा	१९
८. सिठी नःख	२०
९. जनै पूर्णिमा	२०
१०. गाईजात्रा	२१
११. इन्द्र जात्रा	२१
१२. योमरी पुन्ही	२२
१३. छ्याला पुन्ही	२२
१४. माघे संक्रान्ति	२३
१५. शिला चऱ्हे	२३
१६. नवदुर्गा पूजा	२३
१७. गठामुग चऱ्हे	२५
१८. मातातीर्थ औंशी	२५
१९. कुशे औंशी	२६
२०. होली पूर्णिमा	२६
२१. चोथा	२७
२२. दशैं	२८
२३. तिहार	
२४. श्रीखण्डपुरको पौराणिक पाटी तथा मन्दिरहरुका केही किंवदन्तीहरु ।	३१
२५. श्रीखण्डपुरका देवी देवताहरुको सूचि र फोटाहरु	३८
२६. संघ/संस्था/शिक्षा र साहित्य	६१
२७. श्रीखण्डपुर विकास र भविष्य	६६
२८. भजनहरु र अष्टमातृका गणेश	६८

श्रीखण्डपुरको परिचय

श्रीखण्डपुर काभ्रे पलाञ्चोक जिल्ला धुलिखेल नगरपालिका भित्र पर्ने एक ऐतिहासिक प्राचीन शहर हो। यो शहर काठमाण्डौंबाट २८ किलोमिटर पूर्वमा अवस्थित छ। धुलिखेललाई २०४५ साल फागुन ५ गते नगरपालिकामा (तत्कालीन समयमा नगरपञ्चायत) परिणत गर्दा तत्कालीन श्रीखण्डपुर गाउँ पञ्चायतको सम्पूर्ण भू-भाग र नजिकैको चौकाटबाट केही भू-भागपनि गाभिएको थियो । धुलिखेल नगरपालिकाको वडा विभाजनको क्रममा श्रीखण्डपुरलाई बडा नं. ८ र ९ गरि दुई वटा वडामा विभाजन गरीएको छ।

श्रीखण्डपुर बनेपा सात गाउँ मध्येको एक ऐतिहासिक प्राचीन शहरको रुपमा चिनिन्छ । श्रीखण्डपुर शहरको नामको बारेमा ऐतिहासिक तथ्य अनुसार यो ठाउँमा पहिले श्रीखण्डको बोट भएको एउटा डाँडोको रुपमा थियो । यहाँ विभिन्न ठाउँका मानिसहरु वसाई सरी आउने क्रमसंगै यस ठाउँमा रहेको श्रीखण्डका बोटहरु काटी बस्ती बसाल्ने काम भयो । श्रीखण्डको बोट काटी वसालेको शहर भएकाले यस शहरको नाम श्रीखण्डपुर रहन गएको थियो भनिन्छ। यस शहरको मध्य भागमा श्रीखण्डको बोट काटी बाँकी रहेको फेदलाई छोपी एक चैत्य निर्माण गरेको भन्ने भनाइ छ । सो चैत्य अहिले पनि यथास्थानमा छ । यस शहरमा श्रीखण्डबोटको दिपङ्कर बुद्धको मूर्ति बनाइएको थियो।

श्रीखण्डपुरमा बस्ती बसालिएको बारे एकिनका साथ भन्न सकिन्न । केही शिलालेख अनुसार किराँतकाल र पछि लिच्छविकालमा नै यहाँ वस्ती वसालेको भएपनि मल्लकालमा आएरनै ब्यवस्थित शहरको रुपमा विकसित भएको अनुमान छ। श्रीखण्डपुरमा आजभन्दा ९२३ वर्ष अगाडि नै व्यवस्थित तवरले वस्ती बसालेको भन्ने उल्लेख भएपनि यो शहर किरातकाल, पछि लिच्छवीकाल देखिनै अस्तित्व थियो भन्ने प्रमाणहरु छन् । किरातकालीन समयमा बनेपालाई 'भुजङ्ग' साँगालाई शङ्गा र,

खोपासीलाई "कुर्पासी" भने झैं यस वस्तीलाई खन्पु भनिन्थ्यो। साथै श्रीखण्डपुरलाई "खम्पुर" भनी उल्लेख गरेको पनि पाइन्छ। यस आधारमा श्रीखण्डपुर लिच्छविकालमानै अस्तित्वमा रहेको आभास मिल्छ।

भाषा बंशावली अनुसार यस श्रीखण्डपुरलाई राजा आनन्द देवले कलिगत वर्ष ४१९७ (बि.सं.१०५३) मा वनेपा सात गाउँ बसाल्ने क्रममा व्यवस्थित बनाएका थिए । उक्त समयमा चण्डेश्वरी पिठ नजिकै बनेपा, प्रयागतीर्थ नजिकै पानवती (पनौती), नाला भगवति नजिकै नाला, नारायणस्थान नजिकै धोखेल (धुलिखेल), चकोर ऋषिको आश्रम नजिकै चौकोट, नासिका पिठ नजिकै साँगा जस्तै धनेश्वर पिठ नजिकै चारै दिशामा चार ढोकाहरु र चारवटा पोखरीहरु बनाई श्रीखण्डपुर शहर बनाएका थिए। उनले देव देवताका मन्दिर बनाई पूजाको रितिरीवाज चलाउन गुठिको व्यवस्था गरि दिएका थिए।

यस श्रीखण्डपुरमा मल्लकालमा नै देव मन्दिरको निर्माण गरी बजारमा ढुङ्गा छाप्ने र ईंटा छाप्ने कार्य गरी व्यवस्थित बाटो निर्माण गरेर व्यवस्थित ढंगले शहरको स्थापना भैसकेको थियो।

यस श्रीखण्डपुरमा मल्लकालमा व्यवस्थित तवरबाट निर्माण भएका बजारलाई हाल सुन्दरमय बनाइएको छ। सम्पूर्ण श्रीखण्डपुर बजार क्षेत्रभित्र ढुङ्गा छाप्ने कार्य भई ढल निर्माण, खानेपानी, विजुली, टेलिफोन लगायत अत्यावश्यक सबै सुविधा व्यवस्था भइसकेको छ। यहाँ वसोवास गर्दा स्वच्छ हावा भएको रमणीय र आनन्दित शहरको अनुभव लिन सकिन्छ।

श्रीखण्डपुर

श्रीखण्डपुर (खड्पु) को नामाकरण

श्रीखण्डपुरको बारे केही अभिलेखहरु र श्रीखण्डपुरलाई के नामबाट चिनिन्छ भन्ने बारेमा केही जानकारी हुनु आवश्यक छ। श्रीखण्डपुरलाई किरातकालीन समयमा खन्पु भनिन्थ्यो। पछि यही खन्पुलाई खड्पु भनिन थालियो। यस श्रीखण्डपुर लाई खड्पु र खन्पुबाट सबैले चिन्दछन्।

श्रीखण्डपुरको नामाकरण सम्बन्धि विभिन्न पुराना अभिलेखहरु

१. श्रीखण्डपुरको बसाहाटोल दीपङ्कर भगवान रहेको ठाउँको ने.सं. ७५१ को अभिलेखमा (सम्वत ७५१ श्रावण शुदि ८ श्री ३ खपुदेशया पाँच समुचन अजाजु देवता पलमाद्या देव पितिया गथा शुमनन्हा लेखिएको पाइन्छ।

२. दिपङ्कर भगवानलाई दुइवटा सिंहको मूर्ति चढाएको उल्लेख गरिएको ने.सं. ७९३ को शिलालेखमा "श्रीखण्डपुरी" भनेर लेखेको पाइन्छ।

३. लासांकोटोलको चैत्य निरको पाटीको ने.सं. ८३५ को शिलालेखमा "श्री खड्गपुरी" लेखिएको पाइन्छ । यही स्थानको पाटीमा रहेको ने.सं. ८३५ को अभिलेखमा "श्री २ श्रीखण्डपुरिस्थाने आज्याविनते देशे" भन्ने वाक्यांश उल्लेख गरेको पाइन्छ।

४. श्रीखण्डपुर नासटोलको भैरव मन्दिर ने.सं. १०२४ (वि.सं. १९६०) मा मर्मत गरेपछि राखेको शिलालेखमा "श्री षनपुरदेश" भनि लेखिएको छ भने त्यसै मन्दिर अगाडि रहेको अर्को ने.सं. १०२४ (वि.सं.१९६१) को शिलालेखमा "श्री ३ षडपुर ॥ पुण्यभूमि ॥ भनी लेखिएको पाइन्छ।

५. ने.सं. ८३१ मा वसाहाटोलको चैत्य अगाडि सतल पाटी बनाई दिएको अभिलेख छ। त्यस्तै वसाटोलकै ने.सं. ८३२ को अभिलेखबाट दिपङ्कर भगवान् कहाँ ढुङ्गाले छापेको उल्लेखित छ।

श्रीखण्डपुर वारे लेखिएका माथि उल्लेखित शिलालेखहरुको आधारमा श्रीखण्डपुरमा बस्ती वसाल्ने वारे र श्रीखण्डपुरको नाम बारे प्रष्ट हुन आउँछ। मानदेव प्रथमको पालामा निर्माण भएको देवपाटन शिवलिङ्ग अभिलेखमा " खैनसपु" प्रदेश भन्ने उल्लेख गरेको पाइन्छ। सो नाम खडपु अथवा खन्पु नाम सित सामिप्य राख्दछ । यी विभिन्न प्रमाणहरुबाट श्रीखण्डपुरको वारेमा प्रस्ट्याउन सकिन्छ । यसरी प्राचीन इतिहास वोकेको श्रीखण्डपुरलाई जनबोली वाट खडपु, खनपु, खंपु भनी नाम लिने गरिन्छ । यो ऐतिहासिक शहर धुलिखेल नगर पालिकामा गाभिएपछि जम्मा २ वटा वडामा मात्र यो शहरको इतिहास सीमित रहन पुगेको छ।

यस ऐतिहासिक शहरको अस्तित्वलाई वचाइ राख्नको लागि सम्पूर्ण श्रीखण्डपुर बासी एक भएर लाग्नु पर्दछ। यस शहरलाई प्राचीन समयदेखिको शहर भनी जोगाई राख्न र आफ्नो भू-भाग जोगाउन हामीले यस शहरका सच्चा र इमान्दार वासिन्दा हौं भनी दृढता साथ रहनु पर्दछ। यदि यसो हुन सकेन भने श्रीखण्डपुरको भू-भाग अन्य ठाउँमा गाभिन गई खडपु शहर नभई एक गाउँको रुपमा परिणत हुने सम्भावनालाई सवै श्रीखण्डपुर वासीले ध्यानमा राख्नु पर्दछ।

शिलालेखहरू

१६ खुट्टे पाटी, चैत्यविम्ब बुद्ध, श्वेतभैरव भीमसेन मन्दिर

श्रीखण्डपुरमा वर्षेनी मनाइने जात्रा तथा चाडपर्वहरु

बैशाख : बैशाख १ गते विस्केट जात्राको विशेष दिन। यस दिन श्री श्वेतभैरव मन्दिरमा गणेश, कुमार र अन्य देवताहरुको पूजा गरी बलि चढाउने र नयाँ वर्ष मनाउने। बैशाख २ गते कलंदान, बैशाख ५ गते लिङ्गो ढाल्ने, मातातीर्थ औंसीको दिन मातातीर्थ जाने। घरघरमा आमाको मुख हेर्ने, आमाको सम्मान गर्ने गरी पूजा गर्ने।

जेष्ठ : (कुमार षष्ठी) सिठीनख : मान्ने त्यस दिन देव मन्दिरमा पूजा गर्ने, कूलदेवताको पूजा गर्ने, ईनार सफा गर्ने (हाल इनार सफा गर्ने कार्य नभएको), किसानहरुले मल वोक्ने शुभ दिन मानी खेतमा पुऱ्याउने कार्य गर्छन्।

आषाढ : आषाढ शुक्ल पञ्चमीको दिन वुसोरा पूजा गरिन्छ। आषाढ शुक्ल महिनाको पहिलो आइतवार देश पूजा गरिन्छ।

श्रावण : श्रावण कृष्ण चतुर्दशी दिन घण्टाकर्ण (गठेमंगल)

भाद्र : श्रावण शुक्ल पूर्णिमा (जनै पूर्णिमा , क्वाटी पूणि)

भाद्र कृष्ण प्रतिपदा (सापारु) गाईजात्रा

भाद्र कृष्ण पञ्चमीका दिन भीमसेन पूजा, भीमसे
जात्रा

भाद्र कृष्ण अष्टमीको दिन कृष्णजन्माष्टमी पूजा

भाद्र कृष्ण नवमीको दिन नारायण जात्रा, कन्या पूजा

भाद्र कृष्ण द्वादशी र त्रयोदशी पञ्चदान र भगवान् बु
जात्रा

भाद्र शुक्ल तृतीया तिथि (मंगलचौथी)

आश्विन	:	वडादशैं पूजा
कार्तिक	:	तिहारः काग तिहार पूजा, कुकुर पूजा, लक्ष्मी पूजा, गोवर्धन पूजा, भाइपूजा कार्तिक शुक्ल पूर्णिमा सकिमना पुन्ही
मंसिर	:	मङ्सीर शुक्ल पूर्णिमा (योमरी पून्ही)
पौष	:	पौष शुक्ल पूर्णिमा (छ्याला पून्ही) श्री स्वस्थानी व्रत प्रारम्भ, बेलुका घरघरबाट माटाका पुराना भाँडाहरु देलासमा फ्याक्ने कार्य गरिन्छ । ल्योसिङख्योमा वेलुका पूजा गर्ने कार्य हुन्छ।
माघ	:	माघे संक्रान्ति (घ्यो चाकु सल्हु) माघ शुक्ल पूर्णिमा (सि पून्हीं श्री स्वस्थानी व्रत कथा समाप्त
फागुण	:	फागुन शुक्ल पूर्णिमा (होली पून्ही)
चैत्र	:	महाशिवरात्री, चैते दशैं, राम नवमी चैत्र मसान्तको अघिल्लो दिन विस्केट जात्रा शुभारम्भ, लिङ्गो उभ्याउने चैत्र मसान्त दिन भैरव खट भैरव मन्दिर पुऱ्याउने । राति मतपूजा गर्ने।

१. बिस्केट जात्रा

श्रीखण्डपुर एक ऐतिहासिक प्राचीन शहर भएकाले यहां परम्परा देखि चलि आएका विभिन्न जात्रा तथा चाडपर्वहरु छन्। यसमध्ये महत्वपूर्ण जात्राको रुपमा विस्केट जात्रालाई लिन सकिन्छ। श्रीखण्डपुरको विस्केट जात्रा पुरानो वर्षको अन्त्य र नयां वर्षको शुभारम्भमा मनाइन्छ। विस्केट जात्रा हरेक वर्ष चैत्र महिनाको मसान्तको अघिल्लो दिनदेखि बैशाख ५ गते सम्म मनाइन्छ। विस्केट जात्रा प्राय गरी लिङ्गो उभ्याउने दिनदेखि लिङ्गो ढाल्ने दिन सम्म मनाउने भएतापनि लिङ्गो उभ्याउने दिन मसान्तको दिन , बैशाख १ र २ गते विशेष गरी रमाइलो गरी आफ्ना चेलीबेटीहरु जम्मा भई भोज खाई मनाइन्छ। श्रीखण्डपुरमा मनाइने विस्केट जात्रावारे केही जानकारीहरु यस प्रकारले लिन सकिन्छ।

१. हरेक वर्ष चैत्र मसान्तको अघिल्लो दिन लिङ्गो उभ्याउने गरिन्छ । लिङ्गोलाई श्रीखण्डपुरवासी ल्योसीं द्यो भनिन्छ। लिङ्गो ३०/३५ फिट लामो सल्लाको रुख जिल्ला वन कार्यालयबाट द्वारेवाट स्वीकृत लिई रेञ्जर कार्यालयमा पत्राचार गरी रेञ्जर कार्यालयवाट छानेको रुखलाई काटिन्छ। हाल सो रुख वन उपभोक्ता समिति मार्फत प्राप्त गरिन्छ। रेञ्जर कार्यालय वा वन उपभोक्त समिति बाट अनुमति प्राप्त भएको सल्लाको रुखलाई द्वारेवाट पूजा लगि पूजा गरी ढालेपछि रुखलाई लिङ्गो देवता मानी वाजागाजा साथ रमाइलो गरी तानेर ल्याइन्छ। उक्त रुखलाई लिङ्गोनाथ देवता (ल्योसीं द्यो) रुपमा मानिन्छ। उक्त लिङ्गो श्रीखण्डपुरको उत्तर

तर्फ रहेको ढोकामा रहेको ढुङ्गा माथि फेद (टाउको) राखी लिङ्गोनाथको पूजारीवाट पूजा गरिन्छ। उक्त पूजा सकेपछि मात्र लिङ्गोलाई देश भित्र तानेर ल्याइन्छ। उक्त लिङ्गोलाई चैत्र मसान्तको अघिल्लो दिन (ल्योसीं ख्यो) लिङ्गो उभ्याउने चउरमा ल्याइन्छ। त्यहाँ लिङ्गो उभ्याउने ठाउँको व्यवस्था गरिएको छ। उक्त लिङ्गो उभ्याउने ठाउँनिर टाउको राखी लिङ्गोनाथको पूजारीबाट पूजा गरीबलि चढाइन्छ। बलि चढाई पूजा सकेपछि लिङ्गोको शिरमा वछ्र्या फूलको भुप्पा सिउरेर सिंगलाई विचमा बाँधेर पूजा गर्दछ। पूजा गरिसकेपछि देशवासीले बाजाको सुमधुर तालमा हर्षोल्लासका साथ लिङ्गो उभ्याइन्छ। लिङ्गो उभ्याइसकेपछि बाजासहित श्रीखण्डपुरवासीहरु द्वारा देवता राखेको घरमा गई कोठा भित्रको देवतालाई बाहिर निकालिन्छ जसलाई द्यो क्वाँहाँ विज्यागु भनिन्छ। त्यसपछि देवताको गरगहनाहरु सरसफाई गर्ने र देवतालाई नुहाईदिई राख्ने काम गरिन्छ। त्यस दिनवाट सम्पूर्ण जात्रा गरिने देवता पूजारीको जिम्मा रहन्छन्।

२. चैत्र मसान्तको दिनदेखि जात्राको वातावरण रमाइलो बन्छ। उक्त दिन विहानैदेखि देवता राखेको कोठामा श्रीखण्डपुर वासीहरु द्वारा देवताको पूजा गर्ने र देवताको दर्शन गर्ने काम हुन्छ। त्यस दिन वेलुका सानो खटमा देवतालाई राखी चाफ दवुमा ल्याइन्छ। देवतालाई सानो खट (लिलाखचा) बाट ठूलो खटमा राखिन्छ। देवतालाई ठूलो खटमा राखिसकेपछि कोही द्वारेलाई लिन जान्छन्। द्वारेले पूजा लिई बहाटोलको डबलीमा बसी प्रसाद वितरण गर्छन्। त्यसपछि चाफटोलको डबलीमा देवता राखेको खट भएको ठाउँमा पूजा ल्याइन्छ र

द्वारेबाट सरकारी पूजा हुन्छ । सरकारी पूजा सकेपछि पूजारीबाट देवतालाई गुफा (वाह्रा) राख्ने काम हुन्छ विधिवत् रुपमा वाह्राको कार्य सकेपछि वाजागाजाका साथ रमाइलो गरी खटलाई बोकी भैरव मन्दिरमा लगिन्छ। खटलाई भैरव मन्दिरमा पुऱ्याएपछि देवतालाई मन्दिरभित्र लगि राखिन्छ र देशवासीहरुले चिराक, सुकुन्दा, मैनवत्ती वाली देवी देवता भएको ठाउँमा गई धुपवत्ती दिने कार्य हुन्छ । यसलाई मतापूजा भनिन्छ। मतापूजा भैरव मन्दिरवाट शुरु भई सिद्धि गणेश हुँदै लसाँकोटोल भीमसेन मन्दिर भई वसाटोल खुट्चा पुगी फर्की गणेशस्थान हुँदै नारायणस्थानको परिसरमा आई नारायण, भगवती, महेश्वर सवै देवी देवताहरुलाई पूजा गरी धूपवत्ती दिई मतापूजाको समापन गरिन्छ।

३. बैशाख १ गते मुख्य चाड हुन्छ। यस दिन नयाँ वर्ष पनि परेकोले भैरवमन्दिरमा सम्पूर्ण श्रीखण्डपुर वासीले आ-आफ्नो इच्छा अनुसार अण्डा, बोका, भाले कुखुरा, हाँस आदि बलि दिई पूजा गरिन्छ । सम्पूर्ण देशवासीले पूजा गरेपछि द्वारे वाट सरकारी पूजा हुन्छ। सरकारी पूजा पछि अरुले दिनभरि पूजा गर्न हुँदैन भन्ने मान्यता छ। बैशाख १ गते सबैको घरमा भोज हुन्छ। विभिन्न परिकारहरु पकाएर भोज खाने काम हुन्छ। त्यही दिन राति भैरब मन्दिरमा रहेको देवतालाई खटमा राखी वाजा नवजाई श्रीखण्डपुरको देलाशमा ल्याइन्छ। त्यस ठाउँमा पूजारीवाट देवतालाई पूजा गर्ने र लशकुश गर्ने कार्य हुन्छ । त्यही दिन राति वाँध देवताको पूजा गर्ने परम्परा छ।

४. बैशाख २ गते देलाशमा रहेको रथमा देवता राखिन्छ ।

श्रीखण्डपुरवासीले देवतालाई पूजा गर्ने काम हुन्छ । पूजा सकेपछि खटलाई वहाटोलमा लगिन्छ । चिवहालमा पुऱ्याई वहाटोलको वह (लायकु दरवार) अगाडि खटलाई ल्याई पुऱ्याउँछ । खटलाई त्यहाँ राखी वाजागाजा साथ द्वारेको पूजा लिन गइन्छ । श्रीखण्डपुर वासीले पनि आ-आफ्नो इच्छा अनुसार मिठाई, चटामरी, चकलेट आदि लिई लाइन मिलाएर बस्ने काम हुन्छ । द्वारेको घरबाट विभिन्न परिकारहरु पोलेको मासु, छोयला, चटामरी, ओचा, द्योमरी जस्ता विभिन्न परिकारहरु जुन द्वारेको घरमा थाली/ किस्तीमा सजाएर राखेको हुन्छ त्यसलाई देशवासीले बोकेर ल्याइन्छ । विभिन्न परिकारहरु सहित तयार गरि राखेको वाजा वजाउने लाई केही खुवाउने काम सकेपछि लावालस्कर लागेर देशवासीहरुको साथमा खट भएको ठाउँमा पुग्छन् । पहिले द्वारेले पूजा गरी देवतालाई चढाईसकेपछि छरिदिने काम हुन्छ । त्यसपछि देशवासीले आ-आफुले थाली वा किस्तिमा ल्याएको चिजहरु छर्ने काम हुन्छ । त्यसबेला सो चिजहरु टिपेर लिनेको भिड हुन्छ । यसरी रमाइलो गर्न खटलाई यताउता चलाउने कार्य हुन्छ । यसरी पूजा गर्ने कार्यलाई कलंदान भनिन्छ । कलंदान हेर्न टाढाटाढाबाट मानिसहरु आउँछन् । कलंदान सकिएपछि वसाटोलमा लगेर फर्काइ चाफ दबुमा राखिन्छ । त्यहाँ बाट लिलाखचामा (सानो खटमा) देवतालाई राखी देवता राखेको घरमा वाजागाजा र भजन लगाई लैजान्छन् । देवता घरमा पूजारीको घरका परिवार भोकै वसेका कन्या वा अन्य कुनै एक महिलाले पूजा गरी देवतालाई भित्र्याउने काम हुन्छ । त्यसपछि खटको जात्राको काम समाप्त हुन्छ । देवता घरमा देशवासीहरुले ३, ४, र ५ गते सम्म दिनहुँ पूजा गर्ने, भजन गर्ने र देवताको दर्शन गर्ने कार्य निरन्तर रहन्छ र साथै क्षमापूजा गर्ने कार्य हुन्छ । वैशाख ५ गतेका दिन साँझपख

देशवासीलाई लिङ्गो ढाल्ने जानकारी गराउन बाजा बजाई बहाटोलबाट बसाटोल गरी तिन पटक सम्म ओहोर दोहोर गरिन्छ। देशवासीहरु लिङ्गो उभ्याएको ठाउँमा जम्मा भई लिङ्गो ढाल्ने कार्य हुन्छ। त्यस दिन बेलुका बाहिर रहेको देवतालाई सुरक्षीत ठाउँमा राख्ने काम गरिन्छ। यसलाई द्यो थाहाँ विज्यागु भनिन्छ। ५ गतेबाट विस्केट जात्रा समाप्त हुन्छ। भोलिपल्ट गहना जाँच गर्ने कार्य हुन्छ।

स्थानीय बाजा

कल:दान गर्न बसेका देशवासी

धिमेवाजा

भिमसेन जात्रा

श्रीखण्डपुरमा भीमसेन जात्रालाई रमाइलोको साथ मनाइन्छ। भीमसेन जात्रा भाद्र कृष्णपक्ष पञ्चमीका दिन मनाइन्छ। भीमसेन जात्राको दिन विहानै देखि वडा नं ७ भ्याण्डोलमा रहेको भीमसेन मन्दिरमा भीमसेन देवतालाई पूजारीले स्थापना गरि राख्छन् । विहानै देखि श्रीखण्डपुरवासीका साथै अन्य स्थानका भक्तजनहरुले पूजा गर्ने कुखुराको भाले, वोका आदि बलि चढाई भीमसेन देवताको पूजा गर्ने गर्छन् । उक्त दिन भीमसेन भजन गुठी र भीमसेन जात्रा गुठीबाट पनि पूजा गरिन्छ। समयवजी र भोज खाने काम गरिन्छ । सम्पूर्ण श्रीखण्डपुरवासीले भगवान भीमसेनलाई श्रद्धापूर्वक पूजा पाठ गर्ने गर्छन् । दिउँसो श्रीखण्डपुरवाट खटलाई भीमसेन स्थानमा लगी भीमसेन देवतालाई खटमा राखी बाजागाजा सहित भजन गाइ जात्रा गरी श्रीखण्डपुरमा ल्याइन्छ। श्रीखण्डपुर बजारमा विहान पूजा गर्न जाने नसकेकावाट खटलाई रोकी पूजा गर्ने गरिन्छ । खटको साथमा भीमसेन देवताका पूजारी सँगसंगै जान्छन् । खटलाई बसाटोलमा पुऱ्याई वसाटोलको भवानीपाटी (भगवान दिपङ्कर बुद्धको घर) मा ल्याई भजनको समापन गरी जात्राको समापन हुन्छ । भजन सकेपछि प्रसाद वाँड्ने काम हुन्छ । भीमसेन देवतालाई खटबाट झिकी बाकेर ल्याई भीमसेन देवताको घरमा ल्याई पूजा गरि घरभित्र भित्र्याउने कार्यपछि जात्राको समाप्त हुन्छ।

नारायण जात्रा

भाद्रकृष्ण अष्टमी श्रीकृष्ण जन्माष्टमीको दिन पर्दछ । श्रीकृष्ण जन्माष्टमीको दिन श्रीखण्डपुर बजारको गणेशस्थान नजिकै रहेको पाटीमा विभिन्न कपडा र फोटाहरु राखी सजाएको हुन्छ। उक्त पाटीमा साँझ श्रीकृष्णलाई ल्याइ राखिन्छ। पूजारीले पूजा गरी गर गहना र लुगा लगाएर देवतालाई सजाई राख्छन् । राति श्रीकृष्ण जन्मेको कथा व्राम्ह्ण द्वारा वाचन गरिन्छ। भक्तालु

महिलाहरु व्रत बसी पूजा भएको ठाउँमा वस्छन् र (पुरोहित) व्राम्ह्णले श्रीकृष्णको कथा वाचन सकेपछि देवतालाई अर्घ दिन लगाई पूजागरि सकेपछि कथा सुन्न आउनेहरुलाई प्रसाद वितरण गरिन्छ । उक्त पूजा सकेपछि भजन लगाउँदै नाचगान गरी मनोरञ्जन गरिन्छ । देवतालाई रातभरि पाटीमै राखिन्छ । भोलिपल्ट नवमीका दिन विहान देखि श्रीखण्डपुरवासी लगायत अन्य सवै भक्तजनहरुवाट (श्रीकृष्ण) नारायण देवताको पूजा हुन्छ । दिउँसो कन्याहरुबाट लावा अक्षता आदि पूजाको थालीमा राखी लाइन मिलाइन्छ र देवतालाई खटमा राखी खटलाई बहाटोल हुँदै वसाटोल पुऱ्याई त्यहाँबाट नारायणस्थान परिसरमा ल्याइन्छ । वाजागाजा भजन गरी रमाइलो वातावरणमा जात्रा हुन्छ । जात्रा सकेपछि नारायणस्थान परिसरमा कन्यापूजा हुन्छ । कन्या पूजामा श्रीखण्डपुरवासीहरुले मिठाई, चकलेट, विस्कुट आदि पूजा गरी दक्षिणा दान दिने कार्य हुन्छ । कन्यापूजा गर्नेलाई पुण्य मिल्छ भन्ने भावनाले आ-आफ्नो इच्छा अनुसार कन्यालाई दान दिने कार्य हुन्छ । यस जात्राका लागी गुठिको व्यवस्था छ । गुठियारहरुले । श्रीखण्डपुर वासीले जात्रालाई व्यवस्थित ढंगले सञ्चालन गरी जात्राको समापन गरिन्छ ।

बुद्ध भगवान् जात्रा

भाद्रकृष्ण अजा एकादशीका दिन दिपङ्कर भगवान् बुद्ध दाजुभाइलाई दिपङ्कर बुद्ध भगवानकै पाटीमा गर गहना कपडाहरु पहिराई सिंगारिन्छ । द्वादशीका दिन बुद्ध भगवानलाई वसाटोलको पाटीमा वाजा गाजासाथ लगिन्छ । त्यस दिन बुद्ध भगवान् दुबै दाजुभाईलाई त्यही राखिन्छ । भोलिपल्ट त्रयोदशीका दिन पञ्चदान पूजा थापिन्छ । दिउँसो दुवै दाजुभाइलाई जात्रा गरी रमाइलोको साथ बहाटोलको पाटीमा लगिन्छ । दाजुलाई त्यही पाटीमा रातभरि राखिन्छ र भाइलाई काँक्रो दिई फकाई बुद्ध भगवान राख्ने पाटीमा वाजागाजा साथ फिर्ता ल्याइन्छ र भगवानको घरमा भित्र्याइन्छ । चतुर्दशी तिथिका दिन दाजु दिपङ्कर बुद्धलाई बाछा विछ्याई वाजागाजा सहित जात्रा गरी बुद्ध

भगवानको घरमा भित्र्याएपछि जात्रा सकिन्छ। दाजुलाई जात्रा गरी भित्र्याएको र भाइलाई काक्रो दिई भित्र्याएको भनी दाजुभाइ विच झगडा हुन्छ भन्ने किम्वदन्ती छ।

सिठी नख: (कुमार षष्ठी)

नेवार जातिका मानिसहरुले मनाउने चाड मध्ये सिठी नख: (कुमार षष्टी) यो चाड जेठ महिना भरमा भकारीमा धान रित्तिएको प्रतीकको रुपमा चामलको पिठो पानीमा घोलेर पकाइने पातलो रोटी (चटामरी) बनाई सिठी नख: मनाइन्छ। शिव पुत्र कुमारको जन्मोत्सवको दिनमा यो चाड मनाइन्छ। यस दिन मास, मुंग, सानो केराउको (ओचा) बारा र चटामरी कुमारको पूजा अर्चना गर्दै चढाई पूजा गरिन्छ।

श्रीखण्डपुरका वासिन्दाको घरमा इही (बेल विवाह) गरेको छ भने कुलदेवताको पूजा कुमार षष्ठी अगाडि गर्न नभ्याएका परिवारले सिठी नख: को दिन देवाली गर्न पर्छ। यस दिन किसानहरुले मल बोकी खेतमा पुऱ्याएमा धान बढी फल्छ भन्ने किम्वदन्ती अनुसार मल ओसारी खेतमा पुऱ्याइन्छ। सोही दिन टोलटोलमा रहेका इनारहरु सफा गरिन्छ। हाल श्रीखण्डपुरमा पनि इनार सफा गर्ने कार्य लोप हुँदै गएको छ।

जनै पूर्णिमा (क्वाटी पुन्ही)

जनै पूर्णिमाको लागि विभिन्न नौ थरीका गेडागुडीहरु अघिल्लो दिनमै भिजाइ राखेको हुन्छ। सो भिजाई राखेको गेडागुडीलाई पकाई बढी रस राखी खाने चलन छ। यो गेडागुडी पकाइ खाने चलन नेवार जातिले क्वाँटी खाने भन्ने पर्वले प्रचलित छ। त्यस दिन जनै लगाउनेले जनै फेर्ने र ब्राम्ह्मण (पुरोहित) बाट धागो (डोरो) बाँध्ने चलन छ। त्यस दिन धागो बाँध्नाले रोगब्याधि हट्ने, कुनै खराव वस्तुले दु:ख नदिने र स्वास्थ्य लाभ हुने विश्वास छ। क्वाँटी खानाले शरीर भित्रको रोगलाई हटाई स्वास्थ्य लाभ हुने विश्वास छ। यस दिन श्रीखण्डपुरका मानिसहरुले धानवालीमा

लाग्ने किरा फट्याङग्राहरु खाई दिने भ्यागुतालाई "ब्यां नकेगु" भनि चामल, मास, वेसार मिसाई पुज्ने चलन छ।

गाई जात्रा

नेवारी जातिमा जनै पूर्णिमाको भोलिपल्ट सापारुको दि गाईजात्रा पर्व मनाइन्छ। त्यस दिन श्रीखण्डपुरवासी कसै घरमा मानिस मरेको छ भने उनको सम्झनामा तहाशा, गाईल (साँचा) सिँगारेर वजार परिक्रमा गराइन्छ। श्रीखण्डपु सापारुको दिन मानिस मरेको घरबाट आ-आफ्नो क्षमता, चाह अनुसार तहासा वा साँचा (गाईलाई) सिँगारी पूजा गरी फलफु मिठाई आदि वितरण गरी वहाटोलको चिवहाल सम्म लगिन्छ त्यहाँबाट वसाटोल को खुँटचामा ल्याई समापन गरिन्छ। उ दिन घिंटाघिंसी, ख्याली, वाजा वजाई धुप बालेर परिक्र गराइन्छ। कसैले रामायण लगाई बजार परिक्रमा गरिन्छ त्यसपछि तहाशा वा गाईलाई सिंगारेको ध्वजा, फूल आदि स खुँटँचा छेउमा रहेको पाटीमा राखिन्छ। खासगरी त्यस दि स्वर्गद्वार खुल्ला रहन्छ र मरेको मानिसलाई स्वर्ग पुऱ्याउ उद्देश्यले र पितृ उद्धार गरी घरलाई शुद्ध राख्ने उद्देश्यले मरे मानिसको सम्झनामा ताहाशा वा गाईलाई सिँगारी परिक्र गराउने चलन हाल सम्म पनि यथावत् कायम रही आएको छ।

इन्द्रजात्रा

श्रीखण्डपुरमा परापूर्व कालदेखि इन्द्रजात्रा गर्ने चल थियो। भाद्रशुक्ल द्वादशीका दिन इन्द्र देवतालाई पुजारी गरगहना लगाई सिँगारी सोह्रखुट्टे पाटीमा हाल लायकु दरवारला एउटा भवनको रुपमा निर्माण गरेको ठाउँमा राखिन्छ। त्यस दि एकलब्य देवतालाई चार ठाउँमा राखिन्छ। पूर्णिमाको दिन इ देवतालाई जात्रा गरी भित्र्याइन्छ। पहिले इन्द्र देवतालाई काठव हात्ती बनाई हात्तीमा चढाई श्रीखण्डपुरको बजार (वहाटोल देखि वसाटोल सम्म) परिक्रमा गरी जात्रा गर्ने चलन थियो। हाल य चलन छैन।

योमरी पुन्ही

योमरी पुन्ही नेवार जातिको चाड हो । यो चाड मङ्सीर शुक्ल पूर्णिमाको दिन नेवारहरुले चामलको पिठो मुछेर अंजिर आकार बनाई त्यस भित्र तिल मिसाइएको चाकुको झोल हालिन्छ र त्यस लाई उसिनेर पकाइन्छ । त्यस दिन पकाएको योमरी र चामलको पिठाको देवी देवता बनाई ढुकुटी राखी पूजा गर्ने चलन छ । त्यस दिन साँझ विहारमा द्यौसी खेले जस्तै गीत गाई योमरी माग्ने चलन छ ।

छ्याला पुन्ही

छ्याला पुन्ही पौष शुक्ल पूर्णिमाका दिन मनाइन्छ । छ्याला पुन्हीको दिन वेलुका घरमा रहेका पुराना माटाका भाँडाहरु फ्याँक्ने गरिन्छ । यही चलन श्रीखण्डपुरमा पनि छ । घरमा रहेका पुराना माटाका भाँडालाई देलाश (स्वास्थ्य चौकी रहेको ठाउँ नेरको चौवाटो जहाँ पहिले सोह्रखुट्ट पाटी थियो त्यहाँ देशको मुख्य मानिसलाई देखाउने गरिन्छ) मा ल्याएर फ्यालिन्छ। जसले गर्दा घरको र देशको खराव वस्तु भाग्न सक्छ र देशमा, (घरम) सुख शान्ति छाउँछ भन्ने कथन छ। त्यस दिन वेलुका मकै, भटमास र अन्य गेडागुडीहरु भुटेर लिङ्गेनाथ देवता भएको ठाउँ (ल्योसीं ख्यो) मा थुपारी राखिन्छ। त्यहाँ आगो बाली धुनी जगाई जज्ञ गरिन्छ। यस्लाई मिला पुन्ही भनिन्छ। जज्ञ सकेपछि प्रसाद बाँड्ने काम हुन्छ। प्रसाद बाँडिसकेपछि सवै घरघरमा फर्किन्छन्। त्यही दिन बेलुका देखि श्री स्वस्थानी परमेश्वरीको व्रत कथा आरम्भ गरिन्छ। श्री स्वस्थानी परमेश्वरीको व्रत वसी कथा श्रवण गरेमा वा घरमा श्री स्वस्थानीको कथा वाचन र श्रवण गरेमा दरिद्रताको नाश हुने, नवग्रह प्रसन्न रहने, अकालमा मृत्यु नहुने र यस लोकमा सुःख सम्पत्ति पाई परलोकमा कैलाश वास हुने धार्मिक विश्वास रहेको छ । श्रीखण्डपुरमा पहिले छ्याला पुन्ही देखि १ महिना सम्म माघ हालिगु चलन थियो । हाल यो चलन लोप भइसकेको छ । श्रीस्वस्थानी व्रत भरि महिना दिनसम्म

साँखुको शाली नदीमा विशेष मेला लाग्दछ । माधव नारायण देवताको पूजा गरी शाली नदीमा नुहाउनाले रोग नाश हुन्छ भन्ने कथनका साथ उक्त मेला लाग्ने गरेको छ।

माघे संक्रान्ति (घ्यो चाकु सल्हुं)

माघ १ गते नेवार जातिले घ्यू चाकु खाएर मनाउने चाड पर्वलाई माघे वा घ्य चाकु सल्हु भनिन्छ। यो पर्व माघे संक्रान्तिको दिन विशेष रुपमा मानिन्छ। पवित्र तीर्थमा स्नान गरी पूजापाठ गरी घ्यू चाकुका परिकार सँगै तरुल, तिलको लड्डु, मोलेको लसुन आदि राखी अनेकार परिकार बनाइ खाने चलन छ। त्यस दिन कानमा र टाउको माथि तेल राख्ने र शरिरमा तेल घस्ने चलन छ। यसले जिउ दरिलो हुने, रोग हरण हुने, गिदी सफा हुने, र स्वास्थ्य राम्रो हुन्छ भन्ने विश्वासले यो परम्परालाई मानि आ्एकोछ। यो पर्व विशेष गरी नेवार जातिले हर्षोल्लासका साथ मनाइन्छ।

शिला चऱ्हे (शिवरात्रि)

शिवरात्रि (शिलाचऱ्हे) हिन्दुहरुको पर्व भएकोले सवै ठाउँमा शिवको पूजाआजा गरी मनाइन्छ। यस दिन शिवको पवित्र दिन भएकोले शिव मन्दिरमा गई पूजा आजा गरी शिवको आराधना गर्ने गर्छन् । श्रीखण्डपुरमा पनि शिवरात्रिको दिन टोलटोलमा दाउरा राखी धुनी बाली बस्छन् र राति टोलटोलमा धुनी बालेको ठाउँमा मकै, भटमास भुटेर ल्याइन्छ । त्यसलाई प्रसादको रुपमा खाइन्छ। धुनीलाई शिवको रुपमा पूजा गरिन्छ साथै हलुवा घोटेर प्रसाद बाँड्ने चलन पनि छ। त्यस दिनको धुनीमा वसेमा रोग निको हुन्छ भन्ने कथन छ।

नवदुर्गा पूजा

नवदुर्गा भक्तपुरका विभिन्न ठाउँबाट ल्याउने गरिन्छ। नवदुर्गालाई शक्ति दिने देवीको रुपमा पुजिन्छ। फागुन महिन को

(फागु पूर्णिमा) वा होली पूर्णिमाको आठ दिन अगाडि नवदुर्गा ल्याउने खवर दिन आउँछन् । आठौं दिनमा नवदुर्गा भक्तपुरवाट धुलिखेल ल्याइन्छ धुलिखेलबाट श्रीखण्डपुरमा आई लायकु दरवारमा राख्छन् । श्रीखण्डपुरमा नवदुर्गाको सबै गण वाहिर निकाल्दैन यहाँ गणेश, कुमार, सिम्ह, दुम्ह गरी जम्मा ४ जना देवता मात्र पहिले भैरव मन्दिरमा गई गरगहना र पोशाक लगाई सकेपछि पूजा गरी नाचगान गरेर बजार प्रवेश गर्छन् । वहाटोल देखि वसाटोल सम्म देवताहरुलाई घरघरबाट पूजा गर्ने र वलि दिने काम हुन्छ। पूजा सकेपछि चाफ दबुमा सरकारी पूजा हुन्छ। देवताहरु वाजाको तालमा नाच हुन्छ र सरकारी पूजा हुन्छ। पूजा सकेपछि लासांकोटोल हुँदै चौकोटमा देवताहरु लाई पूजा गर्ने काम हुन्छ । त्यहाँवाट फर्केपछि अन्त्यमा बहोटोलको लायकु दरबार अगाडि नाचगान हुन्छ। त्यसपछि खानपिन गरी भक्तपुर फर्कन्छन्।

गठामुग:चह्रे (घण्टाकर्ण चतुर्दशी)

श्रावण कृष्ण चतुर्दशीका दिन नेवार समुदायमा गठाँमुग ठड्याउने गरिन्छ । यस दिन टोलै पिच्छे (श्रीखण्डपुरमा चारठाउँमा) नाङ्गलोमा रङ्गयोगनबाट मुखाकृति र नर्कट एवं छ्वालीबाट पुरुष लिङ्गाकृति सहितको तीनखुट्टे गठाँमुग: ठड्याई मनाउने परम्परालाई गठाँमुग: चह्रे भनिन्छ। गठाँमुग: तयार गरि सकेपछि टोलका सबैले आ-आफ्नो घरबाट सिस्नु च्वाकं सहितको मुठो बाली घरबाट् निकाली गठाँमुग भएको ठाउँमा लगिन्छ । यसो गरेमा घरमा भएका भुतप्रेत हरेर जान्छ भन्ने परमपरा अनुसार वर्षेनी यो पर्व मनाइन्छ। गठाँमुग: लाई बोकाएर (चारवटा) चौबाटो वा दोवाटोमा लगेर जलाएर मुख धोई घर फर्किने चलन छ।

मातातीर्थ औंशी

बैशाख कृष्णपक्ष औंशीको दिन आफ्नो जननी (आमा) लाई सादरपूर्वक पुजिने गरिन्छ । त्यस दिन विवाह भैसकेका छोरीचेली तथा टाढा टाढा रहेका छोराहरु पनि विभिन्न प्रकारका मिठाई, पक्वान, फलफूल, उपहार सहित आमाको मुख हेर्न आईपुग्दछन्। उक्त दिन सबै जमघट हुने अवसर पनि हुन आउछ। आमा नहुनेले बिहानै सबेरै नुहाएर चोखिएर आमाको नाममा पुष्यमाता खोलाको किनारामा धुपवत्ति दिई पुजा गर्ने गरिन्छ र ब्राम्हण पुरोहितलाई सिदा दान, निस्ला दान गरिन्छ। त्यस दिन आमाको सादरपूर्वक पुजिने दिन भएकोले माता तिर्थ औंशी भनिन्छ। त्यस दिन आमा नहुनेहरु माता तिर्थमा गई नुहाइ चोखो भई सिदा दान दिने पनि चलन छ।

कुशे औंसी

भाद्रकृष्ण पक्ष औंसीको दिन कुशे औंसी गोकर्ण औंशी पर्दछ। कुशेऔंसीको दिन पितालाई आदरपूर्वक पुजिने गरिन्छ। विबाह गरिसकेका छोरीचेली तथा टाढाटाढा गई वसेका छोराहरु, घरमा भएका छोराछोरीहरुले विभिन्न प्रकारका मिष्ठान्न परिकार सहित फुल, फलफुल कोसेली लिई आफ्नो पिताको मुख हेर्न आइपुग्छन् र सबै दाजुभाइ, दिदीवहिनी जमघट र रमाइलो गरी पितालाई पूजा गरी मिष्ठान्नहरु खुवाई मुख हेर्ने चलन छ। त्यस दिन पिता नहुनेले विहानै नुहाई चोखो भई खोला किनारमा गई पूज गरेर पिताको मुख हेर्ने गर्छन् र ब्राम्हण पुरोहितलाई पिताको नाममा सिदादान गर्ने गरिन्छ। त्यस दिन सिदा दिन जानेलाई ब्राम्हणले कुश दिएर पठाउँछ। यसरी कुश दिने भएकोले कुशे औंसी भनिन्छ। त्यस दिन बुवा नहुनेहरु गोकर्णमा गई नुहाई चोखो भइ बुवाको नाममा ब्राम्हणलाई सिदादान गरी बावुको मुख हेर्ने परम्परा छ।

होली पूर्णिमा (होली पुन्ही)

फागुण शुक्ल पूर्णिमाको दिन होली पर्वको रुपमा होली खेली मनाइने पर्व नै होली पूर्णिमा हो। होली पूर्णिमाको दिन समूह समूह मिलेर महाँकालस्थान र अन्य ठाउँहरुमा साथै घरमै पिकनिकको आयोजन गरी विभिन्न परिकारहरु पकाई खाई सकेपछि होली खेल्दै मनोरञ्जन गरिन्छ। होली पूर्णिमाको आठ दिन अगाडि देखि बेलुन र लोला प्रहार गरी खेल्न सुरु गरिन्छ। किंवदन्ती अनुसार परापूर्वकालमा हिरण्यकश्यपले भगवानलाई मान्दैनथ्यो। उसको छोरा प्रल्हाद बाबुको शत्रु विष्णु भगवानका भक्त थिए। हिरण्यकश्यपले प्रल्हादलाई विष्णुको भक्त हुनबाट रोक लगाउन अनेक प्रयत्न गरेपछि पनि केही सिप नलागेपछि उसले आफ्नी बहिनी होलीकामार्फत प्रल्हादको हत्या गर्ने योजना बनायो। हिरण्यकश्यपकी वहिनी होलिकाले अग्निले दढाउन नसक्ने वरदान पाएकी थिइन्। होलिकाको साथमा राखी

प्रल्हादलाई डढाई मार्ने योजना वनाए अनुसार हालीकाले प्रल्हादलाई फकाएरु आफ्नो काखमा लिई अग्निमा होमिइन् । भगवान् र विष्णुको अनुकम्पाले प्रल्हादलाई केही भएन भने होलिका अग्निमा डढेर भस्म भइन् । यसरी पापिनी होलीकाको अन्त्य तथा हिरण्यकश्यपको घमण्ड तोडिएको स्मरणमा होली मनाइँदै आएको छ।

होली पूर्णिमाको दिन होली खेल्दा पहिले अविर मात्र दलेर गीत गाएर होली खेल्ने परम्परा थियो । यही पर्वलाई अहिले वेलुनमा रङ्ग भर्ने, बाल्टिनमा रङ मिसाएरु पानी छ्याप्ने र अन्य रङ्गको रंगहरु दल्ने कामले गर्दा विकृति बढेको आभास हुन्छ। यस्तो उच्छृङ्खलापनाले झैं-झगडा हुने सम्भावना वढ्दै गएकोले परम्परादेखि चल्दै आएको अनुसारनै होली खेल्ने गर्दा समाजमा राम्रो प्रभाव पार्न सकिन्छ।

चथा

भाद्र शुक्ल चौथीका दिन मनाइने पर्वलाई गणेश चौथी वा नेवार समुदायमा चथा भन्ने गरिन्छ। यस दिनलाई गणेश जन्मेको दिनको रुपमा मानिने भएकोले गणेशको पूजा आजा गरिन्छ । चथाका दिन नेवारहरुले बेलुका चन्द्रमा देखिनासाथ अनेक प्रकारका फलफुल र भुटेको मकै, भटमास, वदाम, गहुँ, आरुको वियाँ तथा रोटी चढाएर गणेशको पूजा गर्छन्।

दशैं

दशैं हिन्दु धर्मालम्बीहरुको महान चाड हो। नेवार वस्तिमा पुरै विधि अनुसार पूजा गर्ने नेवार वस्ती काठमाण्डौं उपत्यका भित्र जस्तै बनेपा सात गाउँमा पनि प्रचलन छ । दशैंभरि घटस्थापनाको दिन देखि विजया दशमी सम्म सधैं पूजाआजा गरिन्छ । श्रीखण्डपुरमा पनि दशैंलाई विशेष चाडको रुपमा मनाइन्छ । घटस्थापनाको दिन विहान सवेरै देखि पुण्यमाता खोलाको किनारमा बालुवा लिन गइन्छ । वालुवा घरमा लगी घटस्थापना गर्ने पूजा कोठामा पूजा गरि आ-आफ्नो विधि अनुसार

वालुवामा मकै, जौ मिसाई छरीदिई जमरा राख्ने काम हुन्छ। घटस्थापनाको दिनदेखि छैठौं दिनसम्म विहान सधैं दुर्गा पूजा गरी आराधना गर्ने गरिन्छ। सप्तमीको दिन देखि विशेष चाडको रुपमा मानिन्छ। अष्टमीको दिन दुर्गा स्थापना गरिन्छ। नवमीको दिन भैरव मन्दिरमा बलि चढाई पूजा गरिन्छ साथै जमरा राखेको ठाउँमा पनि आ-आफ्नो परम्परा अनुसार बलि चढाउने गरिन्छ। दशमीको दिन घरघरमा आफन्त परिवार जनमा जमरा लिन जाने परम्परा छ। पूर्णिमाको अघिल्लो दिन जमरालाई पूजा गरी पुण्यमाता खोलामा लगेर सेलाउने काम गरिन्छ।

श्रीखण्डपुरमा सरकारी पूजा

श्रीखण्डपुरको लायकु दरवार (हालको आधुनिक भवनमा घटस्थापनाको दिन जमरा राखिन्छ। पहिले घटस्थापना गर्ने जिम्मेवारी पाएको व्यक्तिले मात्र घटस्थापना राख्ने गरिन्छ। हाल आएर पुजारीले घटस्थापना गर्ने र द्वारेले सरकारी पूजा गर्ने गरिन्छ। पहिले घरघरबाट लायकु दरवारमा जमरा दिन जाने चलन थियो। हाल आएर यो परम्परालाई पन्छाएर सवै काम द्वारे मार्फत र चाडपर्व व्यवस्थापन समिति मार्फत गरिन्छ। पहिले नवमीको दिन हरेक घरमा राँगोको मासु प्रसादको रुपमा पुऱ्याउने र केही पैसा आर्थिक सहयोग लिने परम्परा थियो। हाल यो परम्परा पनि हटि सकेको छ। दशैं पूजा गर्न नगरपालिकाबाट र गुठी संस्थानबाट आर्थिक सहयोग प्राप्त हुन्छ।

तिहार

कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिनदेखि कार्तिक शुक्ल पक्ष द्वितीयाको दिनसम्म मनाइने (पर्व) चाडलाई तिहार अर्थात यमपञ्चक भनिन्छ। यस चाडको आध्यात्मिक, सामाजिक र साँस्कृतिक गरिमा छ। यमपञ्चकको पाँचौं दिनको विशेष महत्व छ।

काग तिहार

यमपञ्चकको पहिलो दिन कागको पूजा गरिन्छ । कागलाई यमदूतको सन्देश वाहकको रुपमा पुज्ने गरिन्छ। कागले हाम्रो वरपरको फोहर र खतरनाक रोगका किटाणुहरु खाइदिएर वातावरण सफा राखिदिन र स्वच्छ वातावरण वनाउनमा मद्धत पुऱ्याउँदछ । कागको यही गुणका कारण हरेक वर्ष कृष्णपक्ष त्रयोदशीका दिन काग तिहार मानी कागलाई पूजा गरिन्छ।

कुकुर तिहार

यमपञ्चकको दोस्रो दिन कृष्णपक्ष चतुर्दशीका दिन यमदूतको प्रतीक र भैरवको वाहन कुकुरलाई चलाख, होशियार र इमान्दार प्राणीको रुपमा पूजा गरिन्छ । कुकुरले घरको रक्षा गरिदिने, र घरधनीको संरक्षण गरिदिने भएकोले कुकुर पूजा गर्ने परम्परा कायम रहेको छ।

लक्ष्मीपूजा

यमपञ्चकको तेस्रो दिन औंसीको दिन विहान लक्ष्मीको प्रतीकको रुपमा घरमा पालिएको गाईको पूजा गरिन्छ। गाईलाई गौमाता को रुपमा मान्ने चलन छ। गाईको दूध, दही, घ्यू, गोवर र मूत्र समेत हाम्रो लागि ज्यादै उपयोगी एवं पवित्र छन्। कुनै पनि धार्मिक कार्यमा गाईको दूध, घ्यू, गोवर र मूत्रको प्रयोग गरिन्छ। त्यसै दिन साँझ धनधान्यकी देवीको रुपमा लक्ष्मीको मूर्ति वा चित्रहरुलाई घरघरमा राखी पूजा गरिन्छ । राति लक्ष्मीलाई घरभित्र पस्न उज्यालो देखाउन र लक्ष्मीलाई भित्र्याउने भनि घरघरमा दिपावली गरिन्छ। घरमा रङ्गीचङ्गी बत्ती बाली घरलाई झकमक्क उज्याले बनाइन्छ।

गोवर्धन पूजा (म्ह पूजा)

यमपञ्चकको चौथो दिन घरघरमा बहर, वाच्छो, वाच्छी र गोरुको पूजा गरिन्छ। बहर, गोरुले खेतवारीको हलो तानिदिने र माटोलाई उर्वर वनाउने भएकोले गोरुको गोवरको पहाड बनाई

पूजा गरिन्छ । पहिले भगवान् कृष्णले स्वर्गका राजा इन्द्रको घमण्डलाई चूर गर्न गोवर्धनको पर्वतको पूजा गरेकोले अहिले सम्म पनि यो परम्परा चलिआएको छ।

नेवार समुदायमा यसै दिन नेवार जातिको नयाँ वर्ष शुभारम्भ हुने नेपाल सम्वत्को नयाँ वर्षको रुपमा मानिन्छ। यस दिन भिन्तुना ज्याली गरी खुशीयाली मनाइन्छ। यहि दिन शरिरले आत्मालाई दिएको हुँदा आफ्नो शरिरको शुद्धताको लागि शरीरलाई पूजा गरि म्ह पूजा गरिन्छ।

भाइटीका

यमपञ्चकको अन्तिम दिन यमुनाले यमराजलाई पूजा गरे जस्तै घरघरमा दिदीबहिनीहरुले दाजुभाइलाई निधारमा टीका लगाइदिई पूजा गरिन्छ। दाजुभाइलाई मिठाई, मसला र मिष्ठान्न भोजन गराउने चलन छ । यसैगरि दाजुभाइले पनि आफ्ना दिदीवहिनीलाई नगद तथा जिन्सी उपहार दिने चलन छ। यस पर्वले दाजुभाइ र दिदीवहिनीको बधाइ दिन ठूलो मदत मिल्छ।



श्रीखण्डपुरका पौराणिक पाटी तथा मन्दिरहरूका केही किंवदन्तीहरू

पाटी पौवाहरू :

सोह्रखुट्टे पाटी, चाफ (लामपाटी), वसाहपाटी, भैरवपाटी, भवानी पाटी, भीमसेन पाटी, नासद्यो पाटी, वहपाटी, पुण्यमाता पाटी, (खुसी फल्चा) श्रीखण्डपुर पाटी, पानी पाटी, लायकु दरवार, दवु (डबली) हरु : वह दबु, चाफ दवु।







देवमन्दिरहरू

श्री श्वेतभैरब मन्दिर, नारायण मन्दिर, भगवती मन्दिर, नासिकास्थान मन्दिर , भीमसेन मन्दिर, सरस्वती मन्दिर, पुण्यमाता खोलाका किनारामा भएको महादेव मन्दिर, गणेश, नारायण, चैत्य विहार आदि।

पौराणिक घाट

पुण्यमाताको खोलाको किनारमा व्रम्हनालको व्यवस्था गरिएको छ। त्यस व्रम्हनालमा अन्तिम अवस्थाका व्यक्तिहरुलाई सुताई पानी खुवाउने चलन पौराणिक कालदेखि चलिआएको छ। श्रीखण्डपुर वासीहरुको देश वाहिर वा अस्पतालमा मृत्यु भएमा यही व्रम्हनालमा सुताई पानी खुवाउने चलन छ। साथै पुण्यमाता खोलाको किनारमा क्रिया गर्न डवु (डबली) को पनि व्यवस्था गरिएको छ।

श्री श्वेत भैरव मन्दिरको परिचय

श्रीखण्डपुरमा धेरै देवमन्दिरहरु छन् ती मध्ये यहाँ श्री श्वेतभैरव मन्दिरको छोटो परिचय गराउने छु। श्री श्वेतभैरव मन्दिर श्रीखण्डपुरको उत्तरी ढोका समीप अवस्थित छ। यो मन्दिर तीन तल्ले प्यागोडा शैलीमा मल्लकालमा निर्माण गरिएको थियो यस मन्दिरको पूर्वपट्टि ढोका राखी निर्माण गरिएको छ। यो मन्दिर वि.स. १९९० सालको भुकम्प अगाडि चारतिर चारवटा ढोका राखी निर्माण गरिएको थियो । यस मन्दिरको पहिलो तल्लामा ४/४ वटा दोस्रो तल्लामा २/२ वटा प्रत्येक कोणमा थप १/१ वटा टुँडाल राखी निर्माण गरिएको यस मन्दिरको तेस्रो तल्लाको चार चार कोणमा चारवटा टुँडालहरु छन् । प्रत्येक टुँडालहरुमा देवी देवताका सुन्दर आकृतिहरु कुँदिएका छन्। कोणमा राखिएको टुँडालहरुमा चाहिँ पखेटा भएका सिँह शार्दुलका आकृतिहरु छन्।

श्री श्वेतभैरव मन्दिरको पहिलो तल्लाको छानो झिँगटीले छाएको छ। दोस्रो र तेस्रो तल्लाका छानाहरुमा तामाका पातामा सुनको मोलम्वा लगाएको छ। मन्दिरको दोस्रो र तेस्रो तल्लाको छानोको मुसलमा स-साना घण्टीहरु झुण्ड्याइएको छ । यी घण्टीहरु हावा लाग्दा टिङटाङ टिङटाङ आवाज आउँछ। मन्दिरको माथिल्लो छानोको विचमा धातुबाट निर्माण गरिएको गजुर छ। पहिले यस गजुरमा धातु निर्मित अत्ति नै कलात्मक रुपमा बनाइएका तीनवटा नागहरु थिए। यसमा रहेका नागहरु पटक पटक चोरी गर्ने प्रयास पाइएकोले नागलाई सुरक्षित गर्न घरमा राखिएको छ।

मन्दिरको प्रवेशद्वारको दायाँवायाँ ढुङ्गाद्वारा कलात्मक तरिकाले निर्मित दुइवटा ठूला सिंहहरु छन्। मन्दिरको प्रवेशद्वार माथि एउटा ठूलो सुन्दर तोरण राखिएको छ। तोरणमा सम्बन्धित देवी या देवताका अनेकौं कुराहरु झल्केका छन्। तोरणका विच भागमा रहेका दशवटा वाहु भएका श्वेतभैरवका दायाँ वायाँ गणेश र कुमार छन् र दुवैतिर कलात्मक ढंगले कुँदिएका मकर (वरुण

देवताका वाहन) हरु पनि छन् । यस तोरणको माथिल्लो भागमा पखेटायुक्त गरुड छ भने तोरणमाथि गजुर छ। गजुरको दुवैपट्टि नागकन्या छन् । मन्दिरभित्र अष्टमातृका देवीदेवताहरु छन् । मन्दिरको दक्षिणपट्टि ठूलो घण्टा झुण्ड्याइएको छ। भक्तजनहरुले घण्टा बजाई भैरवनाथप्रति आफ्ना भक्तिभाव व्यक्त गर्दछन्। श्री श्वेतभैरबलाई श्रीखण्डपुर वासीले आराध्य देवताको रुपमा मान्दछन् । यस मन्दिरमा हरेक चाडपर्व, विस्केट जात्रा, दशैं, तिहारमा श्रीखण्डपुर वासिले बलि चढाइ पूजाआजा गर्ने र अन्य उत्सवको दिन पनि भैरवलाई पूजा गर्ने गर्दछन्। यसरी आफ्ना आराध्य देवतालाई मान्ने गर्दछन्।

सोह्रखुट्टे पाटी

सोह्रखुट्टे पाटी लाई श्रीखण्डपुरको ऐतिहासिक र पौराणिक पाटीको रुपमा लिन सकिन्छ। यो पाटीको आफ्नै विशेषता छ। यो पाटी श्रखिण्डपुरको मध्य भागमा निर्माण गरिएको थियो। सोह्रवटा थाम राखी तीन तल्लामा निर्माण गरिएको यस पाटीलाई नै सोह्रखुट्टे पाटी भनिन्छ। यसको सवैभन्दा माथिल्लो छानामा गजुर राखी कलात्मक तरिकाले राखिएको थियो। दोस्रो तल्लामा पहिले इन्द्र देवता राख्ने गरिन्थ्यो यो सानो कोठाको रुपमा छ। पहिलो तल्लामा सोह्रवटा खुट्टा राखी वनाएको तल्ला थियो । यस तल्लामा वसी भाइभाइदारहरु र श्रीखण्डपुरका भद्र भलाद्मी व्यक्तिहरु एवं श्रीखण्डपुर वासीद्वारा छलफल गर्ने ठाउँको रुपमा प्रयोग गरिन्छ । सवैभन्दा तलको तहमा एउटा सानो ढोका राखिएको थियो यो चारैतिर इँटाको गाह्रो लाई वनाएको थियो । यहाँ पौराणिक कालमा र धैरे पछि सम्म पनि अपराधिक कार्य (चोरी, डकैती) गर्ने मानिसलाई सजाय दिनको लागि थुन्ने काम गरिन्थ्यो । खराव काम गर्नेलाई संचेत गराउन र सजाय दिन यस कोठामा राखी वाहिरवाट ताला लाई दिन्थ्यो जससले गर्दा उसले पछि गएर नराम्रो काम वा अपराधिक गतिविधीमा नलागोस भनि सचेत गराइन्छ। यो काम पञ्च भलाद्मीहरु वसी छलफल गरी निणर्य भएपछि मात्र सजायँ दिने गरिन्छ। हाल यो पाटी भत्किएकोले आधुनिक तरिकाको दुइतले भवन निर्माण गरी नगर स्वास्थ्य केन्द्र संचालन गरिँदै आएको छ। यस पाटीको शिलालेख भेटिएको छ जसलाई यसमा समावेश गरिएको छ।



श्री नाख भगवती

नाख भगवतीको पौराणिक कथनवारे यहाँ केही चर्चा गरिन्छ। पौराणिक कालमा श्रीखण्डपुरकी भगवती एक दिन भ्रमणको लागि जलेश्वरको वाटो गरी पनौतीको त्रिवेणी घाटमा पुगी नुहाई फर्किइएछन् । पनौतिवाट श्रीखण्डपुर आउने विच वाटोको विचारीपाटीमा एक सुन्दरी केटीको रुप धारण गरे रोई वसिछन् । त्यसै वखत श्रीखण्डपुरवासी भगवतीको खोजी गर्दै पनौतीतर्फ जाँदा त्यस पाटीमा भेट भएछ। भेटमा श्रीखण्डपुर फर्कन पकाई फुलाई गर्दा गरगहना बनाई ल्याइदिएपछि मात्र फर्कने जवाफ पाएपछि श्रीखण्डपुर वासी त्यहाँवाट फर्कि आइ गरगहना बनाउने लागेछन्। केहि समयपछि धुलिखेलवासी घुम्दै जाँदा त्यहाँ पुगेछन् र सुन्दरी केटीलाई सँग जान फकाएछ। सुन्दरी रुप धारण गरेका भगवतीले गरगहना ल्याइ लगाएमा मात्र सँगै जानै जवाफ दिइएछन्। धुलिखेलवासीले घिरौला र लौकाको फूल माला बनाई लगी भगवतीलाई लगाई दिए छन् ।यसरी गरहना लगाएपछि खुसी हुँदै उनीहरु सँग लागेछन् । श्रीखण्डपुरवासी भगवतीलाई लिन जाँदा भगवती हिँडीसकेको जानकारी पाए पछि भगवतीको खोजीमा जाँदै गर्दा धुलिखेल पुग्ने डाँडामा भेट्टाएछन्। श्रीखण्डपुर वासीले फर्कन अनेक उपाय गर्दा पनि भगवती फर्कन नमानेपछि हामीलाई झुक्याउने भनी नाकको टुप्पो काटी ल्याई श्रीखण्डपुरमा स्थापना गरी भगवतीको पूजा गर्ने चलन चलाइएको कथन छ। त्यसैले श्रीखण्डपुरको भगवतीलाई नाख भगवती भनिएको हो।

श्री क्वेनावासी गणेश

श्रीखण्डपुरमा रहेका चार गणेश मध्ये श्री क्वेनावासी गणेश पनि हो । क्वेनावासी गणेशवारे यस्तो कथन छ । पहिले श्रीखण्डपुरमा रहेको क्वेनावासी गणेशलाई चोभारवासीले चोरेर चोभारमा स्थापना गरिराखेको कुरा श्रीखण्डपुर वासीले थाहा पाई लिन जाँदा चोभारवासीले फिर्ता दिन नमानेपछि यहाँ रहेको क्वेनावासी गणेश तिमीहरुकहाँ रहे पनि यसको स्वामित्व हाम्रै

रहिरहनेछ भनि फर्केर आई सम्झनामा क्वेनावासी गणेशको स्थापना गरी पूजा गर्ने चलन चलाएको भन्ने कथन छ। अहिले पनि चोभारमा रहेको क्वेनावासी गणेशको मन्दिर भित्र श्रीखण्डपुरवासी गई पूजा गरिरहेको समयमा चोभारवासीले पूजा गरी वलि चढाउन खोजेमा श्रीखण्डपुर वासी एकजना मात्र भित्र रहेपनि वलि दिन खोजेको वोका वा भालेले पर्सन्दैन र श्रीखण्डपुरवासी मन्दिर वाहिर आएपछि मात्र वलि पर्सन्छ भन्ने गरिन्छ । यसको आधारमा उक्त देवता श्रीखण्डपुरवासीको स्वामित्वमा रहेको र श्रीखण्डपुरवाट लगेको भन्ने प्रमाणित गर्न सकिन्छ।

नवदुर्गा

श्रीखण्डपुरमा पनि नवदूर्गा पूजा हुन्छ । भक्तपुरवाट सवै देवगण ल्याइन्छ। पौराणिक कालमा सवै देवताहरु वजार निस्कने गर्दथे । पहिले श्रीखण्डपुरमा पनि नवदुर्गाको नाचमा माछा मार्ने चलन थियो । एक पटक माछा मार्ने क्रममा एक तान्त्रिक विद्या जान्ने गुभाजुलाई पक्रने काम भएछ। नियम मुताविक देवगणले छाडे पछि निज गुभाजु फुत्केर गई तान्त्रिक विद्यावाट सवै देवगणलाई एकै ठाउँमा बाँधिने काम भएछ । देवगणको नायो आउँदा त्यो अवस्था देखेपछि त्यसको कारण श्रीखण्डपुरका नजिकै वसेर देखेका मानिस सँग वुझ्दा निज तान्त्रिक विद्या जान्ने गुभाजु कहाँ गई माफी माग्ने सुझाव दिएछ । नायो उक्त तान्त्रिकको घरमा जाँदा निजकी श्रीमतिको खुट्टा वालेर रक्सी पारेको देखी उनलाई गूरुजु कहाँ हुनुहुन्छ भनि सोध्दा गाई चराउन गएको भनिन् । गाई चराएको ठाउँमा हेर्दा गुभाजुलाई देखेनछ र कहाँ हुनुहुन्छ भनी सोध्दा काग भएर वसेको थाहा पाई अनेकौं पुकार गर्दा आइन्दा माछा नमार्ने शर्तमा सवै देवगणलाई पुन पहिलेकै अवस्थामा ल्याई दिएको कथन रहेको छ । त्यस वखतदेखि श्रीखण्डपुरमा माछा मार्ने कार्य नगरी चार जनामात्र देवगण वाहिर ल्याउने चलन चलाएको भन्ने कथन छ। यहाँ श्वेत भैरव भएको कारणले माछा मार्ने कार्य नभएको भन्ने पनि कथन रहेको छ।

श्रीखण्डपुरमा रहेका देवी देवताका सूची

१. श्री थानपति श्वेतभैरव अष्टमालिका
२. श्री श्वेतभैरव, गणेश, कुमार – जात्रा गर्ने
३. सिद्धि गणेश – श्रीखण्डपुर प्रा.वि. संगै
४. श्री सरस्वती माता – सरस्वती पोखरी अगाडि पूर्व
५. श्री गोठालेदेव – सरस्वती पोखरी अगाडि उत्तर
६. श्री महेश्वरी – नारायणस्थान अगाडि
७. श्री महेश्वर – ज्ञानीलाल मानन्धरको वारीमा
८. श्री महेश्वरी – महेन्द्रकाजीको घर अगाडि
९. श्री महेश्वरी – गणेस्थान धारासँगै
१०. श्री नाख भगवती – नारायणस्थान अगाडि
११. श्री नारायणस्थान – ईश्वरीलाल श्रैष्ठको घर अगाडि
१२. श्री भीमसेन महाराज
१३. श्री यम देवता
१४. श्री इन्द्र महाराज देवता
१५. श्री वज्रधार चैत्यबुद्ध – महाँकाल चौर
१६. श्री चैत्य विम्व बुद्ध – नासिकास्थाना पछाडि वारीमा
१७. श्रीखण्ड महाचैत्य वुद्ध – राजुको घर पछाडि
१८. श्री दिपङ्कर बुद्ध – देवकृष्णको वारीमा वहाटोल
१९. श्री अश्वचैत्य बुद्ध – नासिका स्थान जाने बाटो
२०. श्री महाचैत्य बुद्ध – वहाटोलको चैत्य
२१. श्री क्षेत्रपाल – हर्षसुन्दरको घर पछाडि
२२. श्री कुच्चा भैरव – याकाक्षे सँगै
२३. श्री लिङ्गनाथ
२४. श्री नारायण देवता
२५. श्री श्वेतगणेश

२६. श्री नासिकास्थान
२७. श्री ऋद्धि गणेश
२८. श्री महाकाली देवी – छलेश्वर वन
२९. श्री भीमसेन – भ्याण्डोल
३०. श्री ब्रम्हनाल – पुण्यमाता खोलासँगै
३१. श्री भीमसेन स्थान – लासाँकोटोल
३२. श्री महादेव, गणेश – खोलासँगै
३३. श्री जलेश्वर महादेव – जलेश्वर
३४. श्री पार्वती
३५. श्री कोइना गणेश – चिवहालमुनि खेतमा
३६. श्री लशकुश देवता
३७. श्री महाँकाल – लासाँकोटोल जाने बाटो
३८. श्री वाँठ भैरव – चौकोट वाठ
३९. श्री नवदूर्गा
४०. श्री सितला माई – पुण्यमाता खोलासँगै
४१. श्री पितृदेव – पुण्यमाता खोला सँगै
४२. श्री शेषनाग – पुण्यमाता खोला सँगै

श्रीखण्डपुरको ढल प्रशोधन केन्द्र स्थल

देवी देवताको चिनारी

१. श्री धनपति श्वेतभैरव अष्टमालिका

श्रीखण्डपुरको उत्तरी ढोकानिर श्री श्वेतभैरव मन्दिर अवस्थित छ। यस मन्दिरको तल्लो तल्लामा श्री धनपति श्वेतभैरव अष्टमालिका रहेको छ । श्रीखण्डपुरवासी श्वेतभैरवलाई आफ्ना आराध्य देवताको रुपमा पूजा गर्छन् र श्वेतभैरव अष्टमालिकाको पूजा गरेमा धनधान्य प्राप्ति हुन्छ र देशमा सुख शान्ति कायम रहन्छ भन्ने विश्वासको साथ श्वेतभैरवको पूजा गरिन्छ। हरेक शनिवार भैरवको वारको रुपमा विशेष रुपले पूजा गरिन्छ । श्रीखण्डपुरमा श्वेतभैरवनाथ भएकोले यहाँ महामारी रोग जस्ता भाडावान्ता रोग लाग्दैन । पुरानो कथन अनुसार भाडावान्ता महामारी रोग बनेपा हुँदै श्रीखण्डपुरमा आउन लागेको बेला बुडोल बाट हेर्दा श्रीखण्डपुरको सम्पूर्ण भाग सेताम्मे गरि हिउँले ढाकेको देखेपछि त्यहीवाट महामारी रोग फर्केर गएको भन्ने कथन छ। यसैले श्रीखण्डपुरमा भाडाबान्ताको रोग लाग्दैन भन्ने विश्वासले अन्य ठाउँका भाडाबान्ता रोग लागेका मानिसहरु श्रीखण्डपुरमा आएर वस्ने गरिन्थ्यो । हाल पनि श्रीखण्डपुरमा भाडाबान्ता रोगको कारण श्रीखण्डपुरवासीको मृत्यु भएको पाइएको छैन । अन्यत्र ठाउँमा भाडाबान्ता लागेमा रोग निको पार्न श्रीखण्डपुरमा आई श्री श्वेतभैरवको पूजा गरिन्छ भन्ने कथन चलि आएको छ।

श्री श्वेतभैरवको यसरी भजन गर्ने गरिन्छ।

भिं देशया थानपती
भिं देशया थानपती
श्वेतभैरव शोहुने करुणा मिखान
वासुकी वेतालया आसन छी सुधारया

गणेश कुमार तया साथ विचार स्वया ॥ १ ॥
डम्बरु त्रिसुल जोना अग्नि पात्रसु तोना ॥
लोकया विधान खना संधाँ न्हेला डिम्ह नाथ ॥ २ ॥
कुमारी जवे तया संकता खवेतया
भूतप्रेत लिउने तया न्हेला दिम्ह नाथ ॥ ३ ॥
नाग नागिनी कल्ली न्हयाना वस्त्रन तुइगु पुना
देवगुरु रक्षा याम्ह स्वद्रीलीन स्वया दिल ॥ ४ ॥
श्रीखण्डपुर वासी सकल जनखना
उद्धार यायमाल स्वस्तीन स्वया दिल
शोहुने करुना मिखान ॥ ५ ॥

श्री गणेश कुमार भैरव

श्री गणेश भैरव कुमार देवताहरु विस्केट जात्रा गर्ने देवताहरु हुन् । यी देवताहरु पहिले तामाको वनाएको थियो । छुट्टाछुट्ट राख्न हुने गरी वनाएको करीव ३०० वर्ष पुरानो थियो । यी देवताहरु हाल छैनन् । हाल पित्तलका वनाइराखिएका देवताहरु छन् । यी देवताहरु हरेक वर्ष लिङ्गो उभ्याउने दिनदेखि लिङ्गो ढाल्ने दिन सम्म वाहिर रहन्छन् र श्रीखण्डपुरवासी पूजा गर्ने गर्छन् । विस्केट जात्रा अवधिभर मात्र वाहिर राखिन्छ। जात्रा सकेपछि देवता राख्ने कोठामा राख्ने गरिन्छ । यी देवताहरुको पूजा गरेमा सवै दुख नाश भई श्रीसम्पत्ति प्राप्त भई सुख शान्ति मिल्छ भन्ने विश्वासले यी देवताहरुको पूजा गर्न वैशाख १ गते श्रीखण्डपुरवासी वाहेक बनेपा र आसपासका भक्तजनहरु पूजा गर्न आउने गर्दछन्।

सिद्धि गणेश

सिद्धि गणेश श्रीखण्डपुरको उत्तर तर्फ श्रीखण्डपुर प्रा.वि. जाने बाटोमा पर्छ। यस गणेशको पूजा गर्नाले सिद्धि मिल्छ भन्ने जनविश्वास छ । गणेशको प्रायः गर्ने दिनहु पूजा गर्ने भक्तजन हरु छन् । यसको पश्चिमपट्टि एउटा इनार छ । पूजा गर्न आउने भक्तजनहरुलाई जल लिन सजिलो रहेको छ। सिद्धि गणेशको पूजा गरेमा ज्ञानबुद्धि र धनलाभ प्राप्त हुन्छ भन्ने विश्वासले भक्तजनहरु पूजा गर्न आउँछन्।

सरस्वती माता

सरस्वती मातालाई विद्याको देवीको रुपमा पूजिन्छ । यो देवताको उत्तरतर्फ गोठालो देव छ ? श्रीपञ्चमीको दिनदेखि आइतवार र विहीवार पूजारीले गरगहना लगाई सिँगारिएको हुन्छ । उक्त दिनहरुमा विद्यार्थी र अन्य भक्तजनहरु सरस्वतीमाताको पुजा गर्न जान्छन् । यसको अगाडि पोखरी छ। हाल पोखरीमा पानी छैन र पुननिर्माण गर्नुपर्ने भएको छ । यसको सँगै एउटा ढुङ्गेधारा थियो । हाल यो धारामा पानी छैन ।

यसको अगाडी रहेको पोखरीको दक्षिणपट्टि अक्षर लेख्न सिक्न एउटा ढुङ्गाको शिलौटा र रोटी पकाउन सिकाउने एक ढुङ्गाको तावा राखिएको छ । यस सिलौटामा अक्षर लेखेमा र शिलौटामा रोटी पकाएमा अक्षर लेख्न र रोटी पकाउन सिकिन्छ भन्ने कथनका साथ हाल सम्म पनि सरस्वतीको पूजा गर्न जाँदा विद्यार्थीहरु शिलौटामा अक्षर लेख्ने गर्दछन् ।

गोठालोदेव



गोठालो देवता सरस्वती देवतासँगै रहेको छ । यस देवताको पूजा गरेमा वस्तु पाल्न सजिलो हुन्छ भन्ने भावनाले पूजा गरिन्छ । गाई वस्तु विरामी भएमा यस गोठालो देवताको पूजा गर्ने चलन थियो । यस देवताको पूजा गरेमा गाइवस्तुले दूध वढी दिने र मोटो भएर जाने विश्वासले पूजा गरिन्छ। साथै धैरेलाई फापेको उदाहरण पाइन्छ।

महेश्वर

श्रीखण्डपुरमा चार महेश्वर छन् । महेश्वर देवतालाई दिनहु पूजा गर्ने गर्छन् । नारायणस्थान अगाडि एक महेश्वर देवता छन् । यस अगाडी वहर राखिएको छ । अर्को महेश्वर देवता गणेश मन्दिरसँगै छ । महेश्वर महेन्द्रकाजीको मिल भएको घरमा जानेबाटोमा मनकामनाको घरको पश्चिम पट्टी राखिएको छ । यहाँको महेश्वर चोरी भएकोले हाल अर्को नयाँ सानो राखिएको छ। महेश्वर देवता एउटा ज्ञानलाल मानन्धरको बारीमा छ।



भगवती मन्दिर अगाडि

महेन्द्रकाजीको घर जाने बाटो



ज्ञानलाल मानन्धरको बारीमा



गणेश मन्दिर सगै

नाख भगवती

भगवतीको नाक काटेर ल्याई स्थापना गरेको हुँदा यस देवतालाई नाख भगवती भनिन्छ। श्रीखण्डपुरवासीले नाख भगवतीलाई भगवती देवताको रुपमा अण्डा र भाले बलि दिई पूजा गर्ने गर्छन्। यो देवता नारायणस्थानको पूर्वपट्टि बाहिर निस्कने ढोकासँगै छ। यो देवता सानो मन्दिर भित्र राखिएको छ। धुलिखेलमा भएको भगवतीको नाक काटी स्थापना गरिएकोले यस देवताको आफ्नै विशेषता रहेको छ। यस भगवती देवताको पूजा आराधना गरेमा बल शक्ति बढ्न गई आय आर्जन वृद्धि हुन्छ भन्ने विश्वासले यस देवताको पूजा गर्ने परम्परा चलिआएको छ।

नारायणस्थान

नारायण देवता रहेको ठाउँलाई नारायणस्थान भनिन्छ। यो मन्दिर भित्र राखिएको छ। यस नारायण मन्दिर भित्र महादेव, नारायण आदि विभिन्न देवताहरु छन्। घर चोख्याउन परेमा धाराको जल ल्याई नारायण देवतालाई चढाई त्यहि जल थापेर लगी घरमा छर्कने गरिन्छ। यहाँ श्रीखण्डपुरवासीले दिनहुँ पूजा गर्ने गर्छन्। अहिले माघ महिनामा माघ महात्म्य भन्ने समयमा यही समापन गर्ने गरिन्थ्यो। हाल यस मन्दिरको परिसरमा नारायण जात्राको दिन कन्या पूजा गर्ने र नारायण जात्रा समापन गर्ने गरिन्छ।



भीमसेन देवता

भीमसेन देवता आ-आफ्नो स्थापना गरेको हुन्छ । भाद्रकृष्ण पक्ष पञ्चमीको दिन भीमसेनको जात्रा हुन्छ । भीमसेन देवतालाई जात्राको दिन विहान देवताघरबाट बाहिर निकाली भिमसेन स्थान (भ्याण्डोल) मा राखिन्छ । दिउँसो जात्रा गरिसकेपछि बेलुका पुन देवता घरमा राखिन्छ । भीमसेन देवताको पूजा आराधना गरेमा धनसम्पत्ति बृद्धि भई ब्यापारीहरुको ब्यापार बृद्धि भएर आम्दानी बढ्ने भएकोले यस देवताको पूजा गर्ने र जात्रा गर्ने परम्परा बसालेको थियो ।

यम देवता

इन्द्र देवता र देशको सुरक्षाको निमित्त यम (एकलब्य) देवतालाई भाद्र शुक्ल द्वादशीको दिन (एकलब्य देवता) यम देवतालाई (पहिले) चार ठाउँमा राखिन्छ । यम देवतालाई हाल दुई ठाउँमा मात्र राख्ने गरिन्छ । रक्षावन्धनको नाडीमा लगाएको डोरो फुकाई यम देवतालाई चढाउने चलन छ । यो देवतालाई ४ दिन सम्म वाहिर टोल टोलमा राखिन्छ । चार दिनपछि झिकेर राखिन्छ ।

इन्द्र देवता

इन्द्र देवतालाई भाद्र शुक्ल द्वादशीका दिन देवता घरबाट वाहिर राखिन्छ। यो देवतालाई भाद्र शुक्ल पूर्णिमाका दिन जात्रा गरिन्छ। स्वर्गको देवताको रुपमा पूजिने इन्द्र देवतालाई चार दिन वाहिर राखिन्छ।



वज्रध्वज चैत्य (भग्राधर)

यो चैत्य महाँकाल चौरमा निर्माण गरिएको छ। बुद्ध जयन्तीको दिन पूजा गरिन्छ । यो चैत्य रंजितकार परिवारहरुले निर्माण गरिएको हो । समय समयमा आफ्नो कार्यसिद्ध हुन्छ भन्ने विश्वासले यस बुद्धचैत्यको पूजाआजा गर्ने गरिन्छ। साथै अन्य सम्प्रदायका भक्तजनहरुले पनि पूजा गर्ने गरिन्छ।

चैत्य विम्व बुद्ध

चैत्य विम्व बुद्ध नासिका स्थान पछाडि वारीमा छ। यो चैत्यको स्थापना धेरै वर्ष पहिले गरिएको थियो । यहाँ बौद्धमार्गीहरुको साथै अन्य धर्मालम्बीहरुले समेत पूजाले गर्ने गर्छन्। यहाँको शिलालेख कुनै बेला चोरले चोरेर लगेर बेकुलाको खेतमा फालिएको रहेछ। हाल एक स्थानिय भुवन श्रेष्ठको घर बनाउन जग खन्दा उक्त शिलालेख भेटिएको छ । यस शिलालेखलाई नगर स्वास्थ्यकेन्द्रको भवनमा सुरक्षित राखिएको छ। शिलालेख अनुसार यो बुद्धको स्थापना ३०० वर्ष पहिले नै भएको बुझिन्छ।





श्रीखण्ड महाचैत्य बुद्ध

यो चैत्य श्रीखण्डपुरको विचमा राखिएको श्रीखण्डको वोट काटी बाँकी भएको फेदलाई छोपी यो चैत्य बनाएको थियो। यो चैत्यलाई श्रीखण्ड महाचैत्य भनिन्छ । यस चैत्यमा पनि अन्य चैत्यमा जस्तै पूजा आजा गर्ने गर्दछन्।

श्री दिपङ्कर बुद्ध

यो बुद्ध बसाटोल देवकृष्ण श्रेष्ठको वारीमा अवस्थित छ। यस चैत्यमा पनि अन्य चैत्यमा जस्तै पूजाआजा गर्ने गरिन्छ । यस चैत्यमा ने.सं.७९३ को शिलालेख पाइन्छ। यहाँ पहिले ढुङ्गाले छापी व्यवस्थित थियो । हाल नभएको अवस्थामा छ।

श्री महाचैत्य बुद्ध

यो चैत्य श्रीखण्डपुरको सिरान पूर्वपट्टि बहाटोलमा छ। यो चैत्यको चार तिर ढुङ्गाको बुद्धको मूर्ति राखिएको छ। यस चैत्यमा पनि अन्य चैत्यमा जस्तै पूजाआजा गर्ने गरिन्छ।

अश्वचैत्य बुद्ध



यो चैत्य नासिकास्थान जाने बाटोको पश्चिम पट्टि अवस्थित छ । यो चैत्यमा ढुङ्गाले विछ्याएको छ । बुद्ध जयन्तीका दिन यहाँ भजन गरी बुद्धको पूजाआजा गर्ने गरिन्छ।

क्षेत्रपाल

यी देवता हर्षसुन्दर श्रेष्ठको घर पछाडि छन् यो देवताको पूजा गरेमा शत्रु नास हुन्छ भन्ने कथन छ। यसको घर वरपरका

घरका मानिसहरुले दिनहुँ यी देवतालाई पूजा गर्दछन् । घरमा अशुभ नहोस् र घरको परिवारलाई सुख रहोस् अनि कुनै खराव वस्तुवाट नछुओस् भन्ने विश्वासका साथ यसको पूजा गरिन्छ । यस देवतालाई छाना राखेको मन्दिरमा राख्नु हुदैन । एक समय देवताको सुरक्षाको लागि छाना राखी मन्दिर बनाउँदा घरको मान्छेलाई दुःख दिएकाले पुनः छाना झिकी पहिलेकै जस्तै राखिएको कथन छ।

कुंञ्चा भैरव

यो कुंञ्चा भैरव वहाटोल याकाक्षें को कुनामा छ। यस भैरवको पूजा गरेमा रक्षा हुन्छ भन्ने कथन छ। त्यसैले यी भैरवलाई पूज्ने गर्दछन्।

लिङ्गनाथ

लिङ्ग नाथलाई श्रीखण्डपुर ल्योसींद्यो देवताको रुपमा मानिन्छ। यस ठाउँमा हरेक वर्ष चैत्र महिनाको मसान्तको अघिल्लो दिन लिङ्गो उभ्याउन पूजा गरिन्छ। लिङ्गो उभ्याउने भएकोले लिङ्गनाथ ल्योसीद्यो देवता भनिएको हो। लिङ्गो उभ्याउने ठाउँलाई ल्योसी ख्यो द्यो भनि पूजिन्छ। लिङ्गो उभ्याउने दिन देखि लिङ्गो नढालुन्जे । यी देवतालाइ मात्र पूजा गरिन्छ।

श्वेत गणेश

यो गणेश लासाँकोटोलको भीमसेन स्थान जाने वाटोमा पर्छ । यी गणेश बाटो भन्दा तल राखिएको छन् । यी गणेशले श्रीखण्डपुरवासी हरुको पशुपंक्षीहरुको रक्षा गरि दिन्छ भन्ने कथन छ । आफ्नो र देशको पशुपंक्षीको रक्षा होस् भन्ने उद्देश्यले यी श्वेत गणेशको पूजा गरिन्छ।

नासिकास्थान देवता

नासिकास्थान देवता नासटोलमा रहेको छ यो देवताको पूजा गर्दा वालवच्चाहरु रोगब्याधी वाट बचाई सुरक्षित रहन्छ भन्ने विश्वास गरिन्छ । पहिले नाटक खेलाउँदा नाटक खेल्ने कलाकारहरुलाई सिद्धि हुन्छ र नाटक राम्रो संग खेल्न र अभिनय गर्न सकिन्छ एवं वाजागाजा बजाउन र सुरताल मिलाउन ज्ञान दिन्छ भन्ने गरिन्छ। नाटक खेलाएपछि नाटकलाई प्रदर्शन गर्नु पहिले यी देवतालाई पूजा गरिन्छ।

महाकाली

यी देवता लासांकोटोल सुन्दर रंजितको घर अगाडी छन्। यी देवता छलेश्वर वनमा जान सजिलो नभएकालाई पूजा गर्नका लागि महाँकाल देवताको स्थापना गरिएको हो।

ऋद्धि गणेश

यी देवता श्रीखण्डपुरको विचमा पर्दछन्। यसमा रहेका शिलापत्र अनुसर यी देवताको मन्दिर वि.सं. २००२ सालमा भक्तलाल श्रेष्ठ र श्रीमती हेरामाया श्रेष्ठको नामबाट निजका छोराहरुले निर्माण गरिएको थियो। पछि यही मन्दिरलाई २०६६ सालमा निजका छोराहरुले पुननिर्माण गरिएको छ। यसको पश्चिम पट्टि एउटा घण्टा झुण्ड्याइएको छ। यी गणेश लाई सुमेरु पर्वतको परिक्रमा गर्ने शिवपुत्रको रुपमा पूजिन्छ। यी गणेशको पूजा आफ्नो घरको अन्य शुभ कार्य थालनी गर्नु पूर्व गरिन्छ। यसले गर्दा आफूले गरेको सम्पूर्ण कार्य सिद्ध हुन्छ भन्ने कथन छ।

महाकाली

महाकाली छलेश्वर बनमा छिन् । यहाँ श्रीखण्डपुर वासीहरुको शुभ कार्य गर्दा अनिवार्य पूजा गर्न जानु पर्छ । यहाँ पूजा नगरेमा आफुले गरेको शुभ कार्य सिद्ध हुँदैन भन्ने कथन छ । यहाँ छलेश्वर महादेव र गणेश देवता पनि छन् । यस ठाउँलाई वनभोज गर्ने ठाउँको रुपमा विकसित गर्नु आवश्यक छ। महाँकाली देवताको पूजा गर्नु पहिले गणेशको पूजा र महादेवको पूजा गरिन्छ। सवै कार्य सिद्ध होस् भन्ने सोचले छलेश्वर वनमा महाँकाली देवताको स्थापना गरिएको छ।

२९. भीमसेन

भीमसेनस्थान भ्याण्डोल रहेको भीमसेन देवता हो । यहाँ हरेक वर्ष भीमसेन जात्राको दिन जात्रा गर्ने भीमसेनलाई लगी स्थापना गरि पूजाआजा गरी बलि चढाउने गर्दछन् । श्रीखण्डपुरवासी लगायत वरपरका भक्तजनहरुले भीमसेनको पूजा गर्ने गर्दछन्।

३०. व्रम्हनाल

व्रम्हनाल पुण्यमाता खोलाको किनारमा छ। श्रीखण्डपुर बजारका पुलपारि वा अस्पतालमा मृत्यु भएका मानिसहरुलाई व्रम्हनालमा राख्ने गरिन्छ। पहिले मानिसहरु मृत्यु हुने अवस्थामा खोलको पारि ल्याई राख्ने र व्रम्हनालमा राख्ने चलन थियो। हाल खोला पारि वा अस्पतालमा मृत्यु भएकाहरुलाई मात्र व्रम्हनालमा राखिन्छ।

३१. भीमसेन स्थान

भीमसेन स्थान लासाँकोटोलमा रहेको छ। तल भीमसेन र माथि कार्यालय राख्ने कोठा रहेको छ। यहाँ श्रीखण्डपुर वासी पूजा गर्ने गर्दछन्। यी भीमसेन देवताको स्थापना धेरै वर्ष पहिले गरिएको कथन छ। पहिले यो देवता राख्न मात्र बनाएको र भजन गर्न हुने गरी कोठाको व्यवस्था गरिएको थियो। पछि यही पाटीमा अफिस संचालन गर्नको लागि तल्ला थपिएको बुझिन्छ। यसै भवनको तल्लो तल्लामा स्थापना गरेको भीमसेन देवता रहेको छ।



३२. पुण्यमाता देवता (गणेश महादेव)

पुण्यमाता खोलाको नजिकै विभिन्न देवताहरु छन्। त्यहाँ गणेश, महादेव, शेषनाग, विष्णु आदि देवतालाई मन्दिर बनाई राखिएको छ । यहाँ हरेक दिन पूजा र धुपवत्ती गर्न आउँछन्। तिथिको काम गर्ने बेलामा अनिवार्य यहाँ रहेको देवताको पूजा गर्नुपर्छ। पुण्यमाता एक पौराणिक तीर्थस्थलको रुपमा चिनिन्छ। यसको किनारामा रहेकोदेवताहरु तीर्थ गर्न आउन र पुण्य कमाउनको लागि स्थापना गरिएको हो। यहाँ पितृदेवको स्थापना गरि पितृ पूजा गर्न आउन सजिलो बनाइएको छ।

३३. जलेश्वर महादेव

जलेश्वर महादेव पुण्यमाता खोलाको छेउमा श्रीखण्डपुरको दक्षिणपट्टि पर्दछ। यहाँ चाडपर्वमा वत्ति वाली पूजा गर्ने गरिन्छ । यस जलेश्वर महादेवलाई शक्ति पीठको रुपमा मानिन्छ। यस ठाउँमा आफ्नो पितृको नाममा वत्तिवाल्ने गरिन्छ।

३४. पार्वती

यी पार्वती देवी जलेश्वरमा रहेको छिन् । यहाँ हरेक दिन स्थानीय वासीले पूजा गर्ने गरिन्छ। यसलाई पार्वतीको रुपमा पूजा गरिन्छ । जलेश्वर महादेवको पूजा गर्ने समयमा पार्वती देवीको रुपमा यी पार्वती देवीको पूजा गरिन्छ।



३५. कोइना गणेश

कोइला गणेश श्रीखण्डपुरको चार गणेश मध्ये पुरानो गणेश हो । यो गणेश वहाटोलको चैत्यको पूर्वपट्टि खेतमा रहेको छ। यी गणेश चोभारमा रहेको गणेशको रुपमा स्थापना गरिएको थियो। यी गणेशलाई जलमा वस्ने जल विनायक गणेशको रुपमा मानी पूजा गरिन्छ।



३६. लशकुश

लशकुश देवता देलास नगर स्वास्थ्य केन्द्र सँगै भैरवस्थान वाट लासाँकोटोलमा जाने चौबाटो रहेको छ। यहाा भैरवनाथको पूजा गरी फर्केपछि पूजा गरिन्छ। विस्केट जात्रामा गणेश, भैरव, कुमारी देवतालाई राति लशकुश गरिन्छ। त्यसैले यी देवतालाई लशकुश देवता भनिन्छ। यस ठाउँमा छ्यालापुन्हीको राति पुराना माटाका भाँडाहरु फुटाउने गरिन्छ।

३७. श्वेत भैरवको माइती (बाँठ भैरव)

श्री श्वेतभैरवको माइती चौकोट जाने वाटो वाँठमा (पुलनेर) पर्दछ। यहाँ भुसारा देश पूजा र विस्केट जात्रामा लशकुश गर्नु अगाडि यस वाँठ भैरवको पूजा गरिन्छ।

३८. नवदुर्गा

नवदुर्गा देवता भक्तपुरबाट ल्याइन्छ । यी देवता फागु पूर्णिमा सम्ममा श्रीखण्डपुर ल्याइन्छ । भक्तपुरबाट सबै देवगण ल्याएपनि माछा मार्ने काम गर्न नहुने भएकोले चार वटा नवदुर्गा देवतालाई वजारमा ल्याउने गरिन्छ । पहिले श्रीखण्डपुरको लायकु दरवारमा राखि गणेश, कुमार, सिम्ह, दुम्ह देवताहरु र वाजाहरु भैरव मन्दिरमा लैजान्छन् । त्यहाँ देवताहरुलाई पोशाक र गहनाहरु लगाई सकेपछि नाचगान हुन्छ । त्यहाँपछि पुरै वजार परिक्रमा गरी वसाटोल हुँदै चाफ दवुमा सरकारी पूजा सकेपछि लासाँकोटोल हुँदै चौकोट जान्छ । त्यहाँ पूजा सकी खाना खाई सकेपछि भक्तपुर फर्कन्छन् ।

३९. सितलामाई पितृदेव शेषनाग

सितलामाई देवी पुण्यमाता खोलाको किनारामा रहेको छिन् । पहिले विफरको खोप दिँदा यी देवताको पूजा गर्ने गरिन्छ । पितृदेव पितृपूजा गर्ने दिन यिनको पूजा गरिन्छ । शेषनाग २०७१ चैत्र २६ गते अनावरण गरिएको थियो । यो शेषनाग शेषनारायण

सुवाल र निजको परिवारको खर्चवाट स्थापना गरिएको थियो ।

महाँकाल

यी देवता भजरामको घर अगाडि छन्। यी देवता खासगरि वच्चाहरुको सुस्वास्थ्यको कामना गर्ने र वच्चाहरुलाई रुञ्चे रोग लाग्दा रोग निको पार्न पूजा गरिन्छ।

चण्डेश्वरी

चण्डेश्वरी देवी बनेपामा रहेको छिन्। श्रीखण्डपुर बासीले चण्डेश्वरीको पुजा गर्नको लागि श्वेतभैरब मन्दिरको उत्तर पटि चण्डेश्वरीको नाममा देवता स्थापना गरीएको छ। श्री खण्डपुर बासीले शुभ कार्य गर्दा र गुठी पूजा गर्दा सबभन्दा पहिले यही ठाउँमा चण्डेश्वरी देवताको नाममा पूजा गरिन्छ।

शिक्षा, संघ-संस्था र साहित्य

श्रीखण्डपुर सामाजमा चेतना जागरण, सामाजिक सेवा र शिक्षा विकास गर्ने उद्देश्यले धेरै संघसंस्थाहरु स्थापना भएका छन् । यस्ता संघसंस्थाहरुले समाजमा परिवर्तन र आर्थिक उन्नति गर्न सहयोग पुऱ्याएको हुन्छ । यी स्थापना भएका संघसंस्थाहरुवारे केही जानकारी तथा परिचय दिन यहाँ संघसंस्थाहरुको नाम र तिनले पुऱ्याएको सुविधा वारे वर्णन गरिएको छ ।

शिक्षा

काभ्रेमा २००२ - २००३ साल सम्ममा जनतामा निकै चेतना आइसकेको थियो । वनेपा, पनौती, दाप्चा लगायत अनेकौं स्थानमा विद्यालय खोल्ने क्रम सँगै श्रीखण्डपुरमा पनि विद्यालय स्थापना गर्नमा ललितपुर निवासी श्री भरतराज श्रेष्ठ र वनेपा निवासी देसराज श्रेष्ठको अहम भुमिका थियो । उहाँको सक्रियतामा संचालन भएको विद्यालय २००७ साल चैत्र १६ गते श्री श्वेत भैरव विद्यालय नाममा सरकारवाट स्वीकृत लिई संचालन भयो । सुरुमा श्री श्वेतभैरवको पाटीमा र पछि लायकु दरवारमा विद्यालय संचालन भएको थियो । श्री भरतराज श्रेष्ठले संस्थापक शिक्षकको रुपमा केही समय विद्यालय संचालन गर्नु भयो । पछि होमनाथ उपाध्यायले अध्यापन गर्नु भयो । विद्यालय संचालनमा श्रीखण्डपुरका शिक्षाप्रेमी र समाजसेवी श्री कृष्णगोपाल धुँजु लगायतका व्यक्तित्वहरुले राम्रो भूमीका निभाउनु भयो । २०३७ सालमा श्री जनजागृति विद्यालय संचालन भई हाल श्रीखण्डपुर उ.मा.वि. संचालन भइरहेको भवन निर्माण गरिएको थियो । शिक्षा क्षेत्रलाई विकसित गर्न श्री श्वेतभैरव विद्यालय र श्री जनजागृति विद्यालयलाई एकै ठाउँमा गाभिई श्रीखण्डपुर नि.मा.वि. नाममा विद्यालय संचालन भयो । २०३५ सालमा श्रीखण्डपुर नि.मा.वि. लाई मा.वि. मा परिणत गरी संचालनमा आएको थियो । उक्त श्रीखण्डपुर मा.वि. उच्च मा.वि.मा परिणत भई संचालन भइहेको छ । श्रीखण्डपुरमा हाल

श्रीखण्डपुर उच्च मा.वि., श्रीखण्डपुर प्रा.वि. सामुदायिक, एस.ओ.एस. हर्मन माइनर, गोल्डेन सिद्धार्थ एकेडेमी, सेन्टलम एकेडेमी नामक निजि विद्यालय सहित संचालन भई शिक्षाको विकास भइरहेको छ।

श्रीखण्डपुरमा २०१० सालमा युग सन्देश अध्ययन मण्डल र २०१४ सालमा प्रकाश पुस्तकालय स्थापना गरी युवाहरुलाई शिक्षाको उत्थान गर्न अध्ययन गर्ने थलो वनाइएको थिए। यही वाचनालयबाट विभिन्न खालका शिक्षा, ज्ञान प्राप्त गर्ने विद्यालयका विद्यार्थीहरु र शिक्षाप्रेमीहरुलाई लाभ भएको थियो। युग सन्देश अध्ययन मण्डल वि.सं. २०३०-२०३१ साल देखि वन्द भइसकेको छ। प्रकाश पुस्तकालय २०२६-२०२७ साल देखि वन्द भै २०६६ साल भाद्र देखि पुन संचालन भैरहेको छ। यहाँ श्रीखण्डपुर उच्च मा.वि. र गोल्डेन सिद्धार्थ एकेडेमीका विद्यार्थी लगाएत श्रीखण्डपुरका शिक्षाप्रेमीहरु अध्ययन गर्न जाने गरेका छन्। यस पुस्तकालय प्रकाश सामुदायिक पुस्तकालयको आफ्नै भवनको साथै एक नयाँ भवन, शौचालय र एक ट्रष्टको व्यवस्था भइसकेको छ।

साहित्य

श्रीखण्डपुर साहित्यतर्फ पनि धेरै वर्ष पहिले देखि विकसित भएको पाइन्छ। श्रीखण्डपुरमा साहित्यिक पुस्तक प्रकाशित गर्नु हुनेमा कालुमान सिं को नाम आउँछ। उहाँको जन्म ने.सं. ९७१ मा भएको थियो। उहाँले ने.सं. १०२० सम्ममा ३१ वटा कविता लेखि सक्नु भएको थियो। उहाँको परिवारको आर्थिक अवस्था कमजोर भई जीवनपालन गर्न नसकेपछि काठमाण्डौं बसाई सरी जानु भएको थियो। फूटकर कविता लेख्नु हुनेमा हिराकाजी श्रेष्ठ, लिलाभक्त श्रेष्ठ नाम आउँछ। आनन्द राजोपाध्याय, पुष्करराज व्रल पनि भजन गित लेख्नु हुनेमा पर्नु हुन्छ।

श्रीखण्डपुरमा पहिले साहित्य सम्मेलन गरी

साहित्यकारहरुको जमघट गराउने गरेको थियो । प्रकाश पुस्तकालयमा २०२४ सालमा र युग सन्देश मण्डलको आयोजनाम २०२८ देखि २०३१ सम्मा साहित्य सम्मेलन गरेको थियो । उक्त साहित्य सम्मेलनमा धर्मरत्न यमी, प्रेम वहादुर कंसाकार, अश्वध्वज, सिद्धिचरण श्रेष्ठ, गोविन्द भट्ट, कृष्ण ढकाल, गृष्म वहादुर देवकोटा, मोहन दुवाल, कृष्णप्रसाद दुवाल, दुर्गालाल श्रेष्ठ, भूपि शेरचन आदि कवि तथा साहित्यकारहरुको उपस्थित रहेको थियो । श्रीखण्डपुरको चिनारी गराउन २०६१ मा श्रीखण्डपुर मा.वि. वाट "श्रीखण्ड" नामक स्मारिका, श्रीखण्डपुर यूवा क्लबको रजत जयन्तीको उपलक्ष्यमा "श्रीखण्डपुर दर्पण २०६२ र श्रीखण्डपुर प्रा.वि.को ५६ औं वार्षिक उत्सवको उपलक्ष्यमा श्री पूर्ण वहादुर कर्माचार्यको संयोजकत्वमा र सम्पादकत्वमा २०६३ मा श्री "श्वेत भैरव दर्पण" प्रकाशित गरिएको थियो । जसले श्रीखण्डपुरमा शिक्षा र साहित्यवारे जानकारी दिन सकिएको थियो । २०६७ मा श्री पूर्ण वहादुर कर्माचार्यले लेख्नु भएको "श्रीखण्डपुरको चिनारी" नामक किताव प्रकाशित भएको थियो।

श्रीखण्डपुरमा धेरै वर्ष पहिले देखि पर्दावाल रङ्गमञ्चीय नाटक देखाउने गरिएको थियो र उक्त नाटकमा तयार गरिएको पर्दा र पोशाक अन्य ठाउँमा पनि लाने गरिन्थ्यो । यहाँको नाटक अन्य ठाउँमा पनि देखाउन लाने गरिन्थ्यो । हाल यहाँ समय समयमा साँस्कतिक कार्यक्रम गर्न वाहेक ठूलो पर्दाको नाटक देखाउन बन्द भइसकेको छ । यहाँ संगीत तर्फ हार्मोनियम र तबला वजाउनमा स्व. आनन्द राजोपाध्याय, स्व. दिल गोपाल धुँजु, पुष्करराज व्रल, श्री हरिकृष्ण श्रेष्ठ, श्री तीर्थ बहादुर श्रेष्ठ हुनुहुन्थ्यो । हाल कोही स्वर्ग हुनु भएको छ भने कोही जीवितै हुनुहुन्छ। उहाँहरुले पनि वजाउन र गाउन छोड्नु भएको छ।यहाँ वाजागाजाको पनि व्यवस्था थियो । पहिले वासुरी वजाउने गरिन्थ्यो। हाल यहाँ धिमेवाजाको व्यवस्था रहेको छ। जात्रामा र उत्सव समारोहमा धिमेवाजा बजाउने व्यवस्था गरिन्छ।

संघ/संस्था

समाजमा चेतना जागरण गर्ने र सामाजिक सेवा गर्ने उद्देश्यले श्रीखण्डपुरमा धेरै संघसंस्थाहरु स्थापना भएका छन्। यस्ता संघसंस्थाले समाजलाई चेतना र सामाजिक सेवाको भावना विकास गरी समाजलाई परिवर्तन गर्न सहयोग पुऱ्याएको हुन्छ।

यहाँ सामाजिक सेवाको उद्देश्यले वि.स. २०३६ सालमा "श्रीखण्डपुर युवा क्लब" नामक संस्थाको स्थापना गरिएको थियो। यो संस्था स्व. रामकृष्ण प्रधानाङ्ग र स्व. सिताराम महाजुको सक्रियतामा स्थापना गरिएको थियो। उहाँहरुले श्रीखण्डपुरका धेरै युवाहरुलाई समेटी विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गर्नु भएको थियो। यस संस्थाले भलिवल प्रतियोगिता , बुद्धिचाल(चेस) प्रतियोगिता र स्वास्थ्य परीक्षण शिविर आयोजना गरी जनहितका कार्यहरु गरेको थियो।

वि.सं. २०५२ सालमा समाजसेवा गर्ने भावनाले प्रेरित भई "श्रीखण्डपुर युवा समूह" नामक संस्थाको स्थापना भएको थियो। यस संस्थाले स्वास्थ्य सेवा गर्ने उद्देश्यले एम्बुलेन्सको व्यवस्था गरी संचालन गरेकोले धेरै विरामीहरुको उपचार गर्ने कार्यमा सहयोग पुगेको थियो। यस संस्थाले स्वास्थ्य उपचारको निमित्त आँखा शिविर र रक्तदान कार्यक्रम संचालन गरिएको थियो। यी संस्थाहरुले यस्तो कार्यमा निरन्तरता दिनु आवश्यक भएको छ।

वि. सं. २०१४ सालमा प्रकाश सामुदायिक पुस्तकालयको स्थापना सालमा गरी २०१७ सालमा आफ्नै भवन निर्माण गरेर पुस्तकालय सेवा संचालन गरेको थियो। केही वर्ष संचालन गर्न बन्द भई २०६६ साल देखि पुन संचालन गरी विद्यार्थी र स्थानीय युवाहरुलाई ज्ञान प्राप्त गर्न सहयोग पुऱ्याइरहेको छ।

युग सन्देश अध्ययन मण्डल नामक संस्था वि.सं २०१० सालमा स्थापना भएको थियो । यस संस्थाले श्रीखण्डपुरका युवाहरुलाई ज्ञान प्राप्त गर्न धेरै सहयोग पुऱ्याएको थियो ।

वि.सं. २०६४ सालमा श्रीखण्डपुर वचत तथा ऋण सहकारी संस्थाको स्थापना भई यहाँका मानिसहरु लाई वचत गरेर आय आर्जन गर्न प्रोत्साहन गरेको छ। यसले वार्षिक साधारण सभा गरी आफ्नो वार्षिक गतिविधिहरु वारे जानकारी गराउने गर्दछ। यसले दैनिक वचत, मासिक वचत, वालवचतको व्यवस्था गरेर सुविधा पुऱ्याउँदै आएको छ।

श्री श्वेतभैरव वचत तथा ऋण सहकारी संस्था लि. २०६४ सालमा स्थापना गरी श्रीखण्डपुर वासी लगायत आसपासका वासिन्दाको रकम संकलन गर्दै, वचत खाता संचालन गरी स्थानीय वासिन्दालाई आर्थिक विकास गर्न सहयोग पुऱ्याउँदै आएको छ । यस संस्थाले आफ्नो कामको गतिविधिहरु साधारण सभामा जानकारी गराउने कार्य गर्दछ।

वातावरण स्वच्छ बनाउन श्रीखण्डपुर वासीहरुको शौचालयको सेफ्टी ट्याङ्कीको समस्या हल गरी फोहोर पानीलाई प्रशोधन गर्दै सफा पानी पुण्यमाता खोलामा पठाउने उद्देश्यले "श्रीखण्डपुर ढल प्रशोधन केन्द्र उपभोक्ता समिति" नामक संस्था २०६४ सालमा स्थापना भएको छ । यस संस्थावाट जिम्मेवारी लिई निर्माण भई संचालनमा रहेको यो प्रशोधन केन्द्र नेपालकै नमूना भएको छ। यहाँ फोहोरवाट खाना पकाउने ग्याँस उत्पादन गरि केही व्यक्तिहलाई घरहरुमा वितरण गरी सेवा पुऱ्याउँदै आएको छ । यो प्रशोधन केन्द्र नमूनाको रुपमा निर्माण भएर उदाहरणीय भएको छ।

सनलाइट वचत तथा ऋण सहकारी संस्था लि. वि.सं. २०६७ सालमा स्थापना भएको छ । यस संस्थाले श्रीखण्डपुरका

साथै यसको आसपासका मानिसहरुको वचत संकलन गरी वचत र वालवचत खाता संचालनबाट जनतालाई वचत गर्ने भावनाको बृद्धि गरी सहयोग पुऱ्याउँदै आएको छ। यसले आफ्ना गतिविधिहरु साधारण सभामा जानकारी गराउने गर्दछ।

बृहत बहुउद्देश्यीय सहकारी संस्था लि. २०७० सालमा स्थापना गरी श्रीखण्डपुर लगायत वरपरका नागरिकहरुको वचत संकलन गरिन्छ । यस संस्थाले स्थापनाकाल देखि नै यहाँका नागरिकहरुको जीवनसंग प्रत्यक्ष सरोकार राख्ने कृषि पसलबाट रासयनिक मल र कम्पोष्ट (कुखुऱाको) मल वितरण गरी सहयोग पुऱ्याउनुका साथै दुध संकलन, दाना, ढुटो, पिठो र खाना पकाउने ग्यास समेत विक्री गर्ने जस्ता सेवा गरेर यहाँका नागरिकहरुलाई प्रत्यक्ष सहयोग गरिरहको छ । साथै श्रीखण्डपुरमा नै पहिलो विदेशवाट पठाएको पैसा प्राप्त गर्न सकिने रेमीट्यान्स सुविधा समेत यस सहकारीले प्रदान गर्दै आइरहेको छ। काभ्रे जिल्लाभर कार्यक्षेत्र रहेको यस सहकारीले आफ्ना गतिविधिहरुलाई वा आगामी कार्यक्रमहरुका वारेमा साधारण सभामा पेश गरी आफ्ना सदस्यहरु तथा उपभोक्ताहरु लाई जानकारी गराउँदै आएको छ।

श्रीखण्डपुरको विकास

श्रीखण्डपुर एक ऐतिहासिक शहर भएकोले यसको विकास धेरै पहिले देखि नै भइरहेको छ। मल्लकाल देखि नै शहरको केही भागमा इँटा र ढुङ्गाले छापेको थियो। यहाँको महत्वपूर्ण दरवारको रुपमा लायकु दरवार थियो । यस दरवारवाट जिम्वालले कर उठाउने प्रशासनिक कार्य गर्ने गरिन्थ्यो । यस दरवारमा अहिले पनि सरकारी पूजा गर्ने, घटस्थापना राख्ने र पूजा चलाउने कार्य गरिँदै आएको छ।

२०४३ साल फागुन ५ गते धुलिखेल नगर पञ्चायत गठन

हुँदा यस श्रीखण्डपुरको सम्पूर्ण भूभाग तथा सुब्बागाउँ र चौकोटको केही भूभाग समावेश गरी २ वटा वडा बनाई विभाजन गरिएको थियो। नगर पञ्चायत हुनु अगाडि यहाँ पानीको व्यवस्था र हुलाकको व्यवस्था भइ सकेको थियो। यहाँ छलेश्वर वन (महाकाली वन) को मुहानवाट वि.सं.२००९ सालदेखि काठमाण्डौंको एकजना साहुले खर्च गरी टोलटोल र चोक चोकमा एउटा एउटा धाराको व्यवस्था गरी खानेपानीको व्यवस्था भइरहेको थियो। सोह्रखुट्टे पाटीको देवमन्दिरमा भैरव मन्दिरको निर्माण पनि गरिएको थियो। श्रीखण्डपुरका केही भागमा ढुङ्गा बिछ्याईएको र गणेश मन्दिर, नारायण मन्दिर र भगवती मन्दिर जस्ता मन्दिरहरु निर्माण गरी आफ्नो सँस्कृतिको विकास र संरक्षण गरिएको थियो। सोह्रखुट्टे पाटी भत्काई एक तल्ले भवन निर्माण गरिएको थियो। वि.सं. वि.सं.२०४६ साल पछि श्रीखण्डपुरमा खानेपानीको ट्याङ्की निर्माण गरी व्यवस्थित खानेपानीको व्यवस्था गरिएको छ।

वि.सं.२०५४सालको निर्वाचनमा निर्वाचित जनप्रतिनिधिको समयमा पाइपलाइनको व्यवस्था, वजारको सम्पूर्ण भागमा ढुङ्गा बिछ्याउने व्यवस्था, ढल निकास, धमिरा नियन्त्रण र श्रीखण्डपुर प्रा.वि. भवन निर्माण गरिएको थियो। ढल निर्माणले घरघरमा सेफ्टी ट्याङ्की निर्माण गर्न परेन। सेफ्टी ट्याङ्कीको सट्टा शौचालयबाट निस्कने फोहर सिधै ढलमा जोड्न सकिने भयो। यसरी ढलको व्यवस्थाले श्रीखण्डपुरवासीले फाइदा लिन सकेको छ। हाल घरघरमा खानेपानीको धाराको व्यवस्था भई खानेपानीको समस्या समाधान भएको छ। श्रीखण्डपुर मानिसहरुको लागि बस्न योग्य र सुविधायुक्त ठाउँको रुपमा विकसित भएको छ। यहाँ स्वास्थ्य केन्द्र निर्माण पनि भएको छ।

पहिले श्रीखण्डपुरलाई पूर्वको ढोका भनिन्थ्यो। पहिले यहाँबाट भोजपुर र ओखलढुङ्गा लगायत पूर्व तर्फका जिल्लामा

आवतजावत गरिन्थ्यो । वि.सं. २०१६ सालमा काभ्रे सिन्धुली जोड्ने वि.पि. राजमार्गको सिलान्यास तत्कालीन प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइरालावाट भएको थियो । यहाँवाट नै पुर्व जनकपुर सम्म जोड्न सकिने सम्भावना रहेको थियो । यस व्यापारिक केन्द्रको रुपमा विकसित भएको ठाउँमा हाल मानिसहरुको वसोवास कम हुँदै गएको छ । यहाँका मानिसहरु अन्यत्र वसोवास गर्ने क्रम वढीरहेको छ। यहाँका वासिन्दा अन्यत्र जाने क्रमलाई निरुत्साहित गरी आफ्नो ठाउँको विकास र वस्ती सधन बनाउन प्रोत्साहित गर्नुपर्छ।

यहाँको ऐतिहासिक लायकु दरवार र सोह्रखुट्टे पाटीलाई यथास्थितिमा निर्माण गर्नुपर्नेमा सवैको ध्यान जान जरुरी छ । श्रीखण्डपुरलाई पूर्ववत रुपमा ल्याउन पौराणिक पाटीहरुको संरक्षण, पुननिर्माण, मन्दिरहरुको संरक्षण र जीर्णोद्धार गर्न पुरातात्विक विभाग तथा गुठी संस्थानमा सम्पर्क गरी आर्थिक सहयोग जुटाउनको लागि अग्रसरता देखाउन आवश्यक छ । यसको लागि सम्पूर्ण श्रीखण्डपुरवासी जो जहाँसुकै वसेको भएपनि यो मेरो, हाम्रो ठाउँ हो भन्ने भावनाले प्रेरित भई अगाडी बढ्नु आवश्यक छ । श्रीखण्डपुरवासीले आसपासको सहयोग जुटाई वि.पि. राजमार्ग यहींवाट जोडाउन एकजुट हुनु आवश्यक भएको छ।

श्रीखण्डपुरको भविष्य उज्वल राख्न यहाँ वसोवासको बृद्धि गर्नुको साथै कलकारखानाको विकास गरी बसोबास सरेर अन्यत्र गएका सवैलाई श्रीखण्डपुरमा वस्न आउन प्रेरित गर्नु पर्दछ। यहाँ ब्यवस्थित शहर र वसपार्कको व्यवस्था गर्न सवैले अग्रसरता देखाउन आवश्यक छ । श्रीखण्डपुरलाई ऐतिहासिक शहरको रुपमा पुनस्थापन गरेर विकसित गर्नु पर्दछ।

अष्टमालिका भैरव भजन

दरशन विव प्रभु भैरवनाथ
दरशन विव हे नाथ ॥धु॥
दरशन अविलाख जिमित दरशन विव हे नाथ
॥ धु ॥
गणेश न्ह्योने तया कुमारी जव तया
डमरु थना विज्याम्ह ॥
शंकता खवेतया महाकाली नापँ तया
सधां न्हिला विज्याइम्ह ॥
॥ १ ॥
लक्ष्मी, सरस्वति, महेश्वरी, भगवती, देवगण नापं तइम्ह ॥
षर्ग जोनिम्ह धालं पनिम्ह ॥
॥ २ ॥
व्रम्हायणी, इन्द्रायणी, भद्रकाली, वाराही देवगण नापं तइम्ह
पात्र जोनिम्ह सदां विइम्ह सकल उधार याइम्ह
॥ ३ ॥
सिंह पाले तया हरगण दुत तया सधां न्हिला विज्याइम्ह
वेत्वाल आशन तथा देश रक्षा याइम्ह
आनन्दं चोना विज्याइम्ह
॥ ४ ॥

गणेश भजन

श्री गुरु गणेशया भजन जिं याय रे

भजन जिं याय प्रभु सेवा जिनं याय रे

॥ धु ॥

पूर्व दिशा चोना च्वम्ह क्वैनासी धाल रे

जले थले चोना च्वम्ह जल विनायक जुल रे ।

॥ १ ॥

पश्चिम दिशा चोना च्वम्ह ऋद्धि विनायक धाल रे

सुमेरु पर्वत हिला च्वम्ह शंकर पुत्र जुल रे

॥ २ ॥

उत्तर दिशा चोना च्वम्ह सिद्धि विनायक धाल रे

सिद्धि बुद्धी ज्ञान विया शिव पुत्र जुल रे

॥ ३ ॥

दखिन दिशा चोना च्वम्ह गोठे (श्वेत) गणेश धाल रे

पशुपन्छि सोया चोम्ह गौरीपुत्र जुल रे ।

॥ ४ ॥

सन्दर्भ ग्रन्थ

कृष्ण प्रसाद पराजुली :
पूर्व १ नम्वर, काठमाण्डौं प्रकाशन समिति दोश्रो संस्करण २०५०

ज्ञानकाजी मानन्धर:
श्रीखण्डपुरको श्वेतभैरव, वनेपा सातगाउँ सुखदेवी मानन्धर २०६७ जेष्ठ

डा. जनकलाल बैद्य:
अभिलेख ग्रन्थहरुमा सात गाउँ परिचय, वनेपा सातगाउँ (स्मारिका) वनेपा नगरपालिका २०५३

डा. सुमनराज ताम्राकार :
पनौतीका चाडपर्वहरु र मकर मेला डा. सुमनराज ताम्राकार २०६६ श्रावण

देवीप्रसाद लम्साल:
भाषा वंशावली भाग २, नेपाल राष्ट्रिय पुस्तकालय पुरातत्व विभाग (शिक्षा मन्त्रालय) २०२३

सत्य नारायण प्रजापती :
श्रीखण्डपुरको श्री, वनेपा सातगाउँ (स्मारिका) वनेपा नगरपालिका २०५३

डा गोपाल धौवन्जार:
विस्केट जात्रा, प्रकाशक जोशी रिसर्च इन्स्टिच्युट, ललितपुर २०६५

पूर्ण वहादुर कर्माचार्य:
श्रीखण्डपुरका चिनारी, प्रकाशक श्री इन्द्र वहादुर श्रेष्ठ, श्री गोविन्दलाल प्रधानाङ्ग २०६८ भाद्र

सहयोगीहरू

श्री देव विलास गुभाजु – श्रीखण्डपुरका भजनहरु

श्री व्रम्हलाल रंजितकार – कुची चित्र

श्री बृहत वहुउद्देश्यीय सहकारी संस्था लि. का संस्थापक सदस्यहरु – देवी देवताका फोटाहरु

श्री हेमन्त श्रेष्ठ - श्रीखण्डपुरका फोटाहरु

लेखक परिचय

नाम	:	श्री पूर्ण वहादुर कर्माचार्य
जन्मस्थान	:	धुलिखेल नगरपालिका – ९, श्रीखण्डपुर
कार्यक्षेत्र	:	समाजसेवा
पुस्तक प्रकाशन	:	श्रीखण्डपुरको चिनारी २०६८
संलग्नता	:	**अध्यक्ष** – श्रीखण्डपुर ढल प्रशोधन केन्द्र उपभोक्ता समिति, श्रीखण्डपुर अन्य संघसंस्थाहरु

यस पुस्तकका विशेषताहरु

- ✓ श्रीखण्डपुरको ऐतिहासिक तथ्य वारे जानकारी समावेश गरिएको।
- ✓ श्रीखण्डपुरमा मनाइने जात्राहरु वारे जानकारी गराएको।
- ✓ श्री श्वेत भैरवको मन्दिर वारे जानकारी गराएको।
- ✓ कोइना गणेश, नवदुर्गा नाच, नाख भगवती वारे किंवदन्तीहरु प्रस्तुत गरिएको।
- ✓ श्रीखण्डपुरमा भएका देवीदेवताहरुका फोटा राखी देवताहरुकोबारे जानकारी गराइएको।
- ✓ श्रीखण्डपुरमा वर्ष भरि मनाइने चाडपर्वहरु वारे जानकारी गराइएको।